# प्रदेश सभा

## प्रदेश नम्बर ४

## दोश्रो अधिवेशन

## (अठारौं बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

## मिति : २०७५ असार ४ गते विहान ११:०० बजे

**प्रदेश सभाको दोश्रो अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्रृजना शर्माको अध्यक्षतामा विहान ११:१६ बजे प्रारम्भ भयो ।**

### माननीय सभामुख

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ।

अब माननीय आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङले मिति २०७५ असार १ गते सभामा प्रस्तुत गरी गर्नु गर्नुभएको आर्थिक वर्ष २०७५/०७६ को राजश्व र व्ययको वार्षिक अनुमान माथिको सामान्य छलफल पुनः प्रारम्भ हुन्छ। सर्वप्रथम माननीय श्री मान्यऽ माननीय अऽ मायानाथ अधिकारीलाई छलफलमा भाग लिन समय दिन्छु, समय १० मिनेट।

माननीय सभामुख महोदय, प्रदेश सरकार, प्रदेश नम्बर ४ को आर्थिक वर्ष ०७५/०७६ को वार्षिक बजेट आर्थिक मामला तथा योजनामन्त्री माननीय किरण गुरुङ ज्यूले २०७५ साल असार १ गते सम्मानित संसद संसद समक्ष प्रस्तुत गर्नुभएको थियो, त्यसको छलफल प्रक्रिया जारी छ।मलाइ लाग्दछ अहिलेको यो परिस्थितिमा प्रदेश सरकारको धेरै संरचनाहरु बन्न बाँकी रहेको, ऐन,कानुनहरु बन्न अझै पनि बाँकी रहेको, कर्मचारीको

व्यवस्थापन पर्याप्त भइनसकेको, सङ्घको सरकारबाट बजेट पनि अलि कम कमै आएको, यो परिस्थितिमा आर्थिक मामला तथा योजनामन्त्री ज्यू लगायत प्रदेश सरकार सम्बन्धीत सरोकारवाला सबै महानुभावहरुले जुन मेहनतपूर्वक बजेट तयार गरेर ल्याउनुभएको छ, म मेरो तर्फबाट, हाम्रो दल नेपालकम्युनिष्ट पार्टी (नेकपा)को तर्फबाट म हार्दिक बधाई आभार व्यक्त गर्न चाहन्छु, धन्यवाद दिन चाहन्छु र यो बजेटको पूर्ण समर्थन गर्न चाहन्छु ।बजेटमा लेखिएका सकारात्मक कुराहरु म संक्षिप्तमा चर्चा गर्न चाहन्छु। बजेटले भनेको छ आगामी वर्ष हाम्रो नीतिनिर्माणको वर्ष हुनेछ ,संरचना निर्माणको वर्ष हुनेछ, लगानीमैत्री लऽ वातावरण बनाएर लगानीलाई केन्द्रित गर्ने गरी लगानी सम्मेलन गरिनेछ र लगानीमैत्री वातावरण बनाएर विकासलाई एउटा सन्तुलित सहितको विकास गरिनेछ। उत्पादन र उत्पादकत्वलाई बढी जोड गरी प्रदेशलाई आत्मनिर्भर बनाउने दिशातिर अगाडि बढिनेछ ।गरिबी निवारणका कुराहरुमा न्यूनीकरण गर्ने कुरा गरिबी निवारणलाई न्यूनीकरण गर्ने कुरामा ध्यान दिईनेछ जस्ता अत्यन्त महत्वपूर्ण उद्देश्यहरु राखिएका छन् ती उद्देश्य परिपूर्ति गर्नको निम्ति बजेटले भौतिक पूर्वाधारलाई बढी महत्व दिएको छ। कृषिक्षेत्रको आधुनिकिकरण, व्यावसायीकरण र यान्त्रीकिरणलाई महत्व दिएको छ, शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ जस्ता सामाजिक क्षेत्रको लगानीलाई प्राथमिकता दिएको छ, पर्यटन पूर्वाधारको विकास र प्रबर्धनलाई प्राथमिकता दिएको छ, उर्जाको विकास र बिस्तार तथा विद्यूतिकरणलाई प्राथमिकता दिएको छ, औद्योगिक क्षेत्रको बिकासलाई प्राथमिकता दिएको छ, जलश्रोतको विकास, सिंचाई र नदी नियन्त्रण, खेलकुद पुर्बाधारको बिकासलाई मुख्य प्राथमिकतामा राखेको छ। यसले के देखाउँछ भने यी कुराहरुलाई जुन प्राथमिकता छ जुन उद्देश्य र प्राथमिकता बनाईएकोछ यी कुरालाई सही ढंगले कार्यान्वयन गर्न सकियो भने चुनौतिलाई सामना गर्दै अगाडि बढ्न सकियो भने वास्तवमा यो प्रदेशको समृद्धि सम्भव छ। प्रदेश सरकारले लिएको उद्देश्यहरु परिपूर्ति हुन सक्छन् मलाई लाग्दछ। सरकारले सार्वजनिक, निजी र सहकारीको क्षेत्रको पुँजीलाई लगानीमैत्री वातावरण बनाउने कुरा गरेको छ विनाशकारी भूकम्पबाट ग्रस्त मैले सुनें सरकारले विनाशकारी भूकम्पबाट क्षतिग्रस्त कुरालाई सम्बोधन गरेन कि भन्ने पनि छ

तर यहाँ भनिएको छ विनाशकारी भूकम्पबाट क्षतिग्रस्त भएका संरचनाहरु चाहे ति निजी हुन वा सार्वजनिक! तिनीहरूलाई निर्माण गर्नको लागि संघीय सरकारले बनाएको योजना सहित त्यसमा सहजीकरण गर्दै दुई वर्षभित्र त्यसको निर्माण गर्ने कुरा उल्लेख गरिएको छ।अऽ सुखि नेपाली र समृद्ध नेपालको जुन केन्द्रीय योजना छ केन्द्रीय अभियान छ, सुखि नेपाली र समृद्ध नेपालको अभियान लाई आत्मसात गर्दै समृद्ध प्रदेश बनाउने योजनाहरु अगाडी आएका छन, स्थानीय तहको सह-लगानीमा यहाँ भनिएको छ प्रष्टै! स्थानीय तहको सहलगानीमा  स्थानीय तह सडक साझेदारी कार्यक्रम, एक स्थानीय तह एक खेल मैदान, एक उद्योगग्राम एक पुस्तकालय,एक अं शितभण्डार एक कृषि तथा पशु बजार केन्द्र, पच्चीस र पच्चीसको चाहिँ गाउँपालिका पचासको चाहिँ नगरपालिकाको शैय्याको अस्पताल निर्माण बहुद्देश्यीय अ सभा कक्ष निर्माण लगायतका कुराहरु स्थानीय तह सँग मिलेर सह- लगानीमा निर्माण गर्ने कुरा गरिएको छ यसले स्थानीय तहलाई बढी आधार बनाएको र बिकास र सम्बृद्धिको जग स्थानीय तह हो भन्ने कुरामा जोड दिएको देखिन्छ।गौरबका योजनाहरु कोरला- पोखरा, पोखरा — भिमाद, डेढगाउँ हुँदै दुम्किबास सडक, बुढीगण्डकी देवघाट घुमाउने मुग्लिन र मर्स्याङ्दी कोरिडोर ,शालिग्राम सांस्कृतिक करिडोर करिडोर, यि आदी योजनाहरुलाई गौरबका योजनाको  रुपमा राखिएको छ,  अं वडा केन्द्रबाट पालिका केन्द्र, पालिका केन्द्रबाट सदरमुकाम , सदरमुकाम बाट प्रदेशको राजधानी जोड्ने कुरामा जोड दिएको छ।एक निर्वाचन क्षेत्र एक स्तरीय सडकको कुरा गरिएको छ, यल्ले पुर्वाधारलाई बिशेष जोड दिएको देखिन्छ।पुर्वाधारलाई मुख्य प्राथमिकतामा राखेको देखिन्छ।यि बाहेक पोखरा उपत्यका बृहद चक्रपथ, अन्तर्राष्ट्रिय प्रदेश स्तरको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, गुणस्तरीय मापन प्रयोगशाला, स्मार्टसिटी, सेटलाईट सिटीहरुको विकास र विस्तार दुई वर्षभित्र उज्यालो प्रदेश बनाउने, बिजुली नपुगेको ठाउँमा बिजुली पुर्याउने, दुई वर्षभित्र खानेपानी नपुगेको ठाउँमा खानेपानी पुऱ्याउने, शुद्ध खानेपानी पुऱ्याउने कुरा उद्देश्य लिएको छ ।नदी नियन्त्रण, विज्ञान प्रबिधि प्रतिष्ठान, अनि ३०० गाउँमा होमस्टे निर्माण गर्ने कुरा चिडियाखानाको निर्माण गर्ने कुरा युवाशक्ती चुनौतिकोष स्थापना गरी युवाहरुलाइ रोजगार दिने कुरा प्रदेश पर्यटन वर्ष २०२२ लाई

पर्यटन प्रदेश पर्यटन वर्षको रुपमा अगाडि बनाउने कुरा, ताल संरक्षण विकास प्राधिकरण, मुख्यमन्त्री वातावरण नमूना कृषि गाउँ, एक स्थानीय तह एक  नमुना कृषि गाउँ, एक सहकारी एक नमुना उत्पादन, एक स्थानिय तह एक औद्योगिकग्राम, काली गण्डकी र मर्स्याङ्दी करिडोरमा आर्थिक करिडोर बिशेष आर्थिक क्षेत्र प्राबिधिक महाबिद्यालय र प्रादेशिक विश्वविद्यालयको स्थापना, खेलकुद एकेडेमी, प्रदेशप्रमुख स्वयंसेवक कार्यक्रम, बहुसांस्कृतिक ग्राम पार्क, विजयस्मारक, प्रदेश प्रज्ञा प्रतिष्ठान, उपभोक्ता अदालत, प्रदेश तालिम प्रतिष्ठान, प्रदेश लोकसेवा आयोग, नीति तथा योजना आयोग र हेल्लो मुख्यमन्त्री जस्ता अत्यन्त महत्वपूर्ण यथार्थपरक योजनाहरु माननीय मन्त्रीज्यूले बजेट मार्फत ल्याउनु भएको छ, यसले के लाग्दछ मलाई भने यि योजनाहरु महत्त्वाकाङ्क्षी भनेर आलोचना गर्न त सकिएला, तर यथार्थपरक छन् महत्त्वाकाङ्क्षी हैन यथार्थपरक छन्।वास्तवमा प्रदेशका जनताहरूको सुखी र सम्बृद्धि बनाउने प्रदेशलाई सम्बृद्ध बनाउनको लागि लागि यि यथार्थ परियोजनाहरु छन्,मलाइ लाग्दछ हिजो पहिल्यै  पनि संघको सरकार त  धेरै पहिलादेखि थियो, केन्द्रीय सरकार थियो जनताको मन छुने गरी, प्रदेशका जनता को मन छुने गरी, सबै क्षेत्रका मान्छेहरुको मन छुने गरी, सबै समुदायलाइ पुग्ने गरी, यस्ता योजनाहरु आउँन सकेका थिएनन्,अहिले नयाँ संघीयताका कारण सँगै प्रदेश सरकार स्थापना भएको छ धेरै चुनौतिहरु छन् ति चुनौति हरुलाइ सामना गर्दै पनि जुन योजनाहरु, बजेटहरु आएका छन् त्यल्लाई कार्यान्वयन गर्न  चुनौति जुन कार्यान्वयन गर्ने चुनौतिहरु छन्। चुनौति भनेको के छ भने एउटा  प्रकृयालाई फाष्टट्र्याक बनाउनु जरुरी छ लेन्दिखालको फाष्टट्र्याक, लेन्दी खालको  प्रक्रियाले काम छिटो हुँदैन। प्रकृयालाई फाष्टट्र्याक बनाउनु  जरुरी छ, प्रोजेक्टहरु, योजनाहरुको सुरक्षा ठिक ढंगले गर्न जरुरी छ। संरचनागत निर्माण हरु गर्नुपर्नेछ कर्मचारीको व्यवस्था गर्नुपर्नेछ नीति ऐन, कानुनहरूको निर्माण गर्नुपर्नेछ, यि आदी ईत्यादी  कुरा हरुलाई  छिटोभन्दा छिटो व्यवस्थित गर्नसक्यो भने वास्तवमा हामीले  संबृद्ध  प्रदेश बनाउन सक्छौं।यो सहि, यथार्थपरक बजेट हो भन्ने कुरो प्रमाणित गर्न सक्छौं भनेर मलाई लाग्दछ। यो, यो, यो बजेट समाजवादउन्मुख छ भन्ने कुरो पनि देखाएको छ किनभने स्थानीय तह समाजवादको

समाजवादीअर्थतन्त्रको जग हो, स्थानियतहलाई बलियो बनाएर अगाडि बढ्ने कुरा गरिएको छ स्थानीय तहलाई बढि भर गरेर त्यल्लाई जग बनाएर जगको आधारमा अगाडि बढ्ने कुरा गरिएको छ त्यसकारणले पनि यो समाजवाद उन्मुख अर्थतन्त्र लाइ कार्यान्वयन गर्ने कुरा जोड गरिएको छ। म के भन्न चाहन्छु भने विभिन्न महानुभावहरुले अभिव्यक्त गर्दाखेरि बजेटमा आशंका पनि गर्नुभएको छ आशंका गर्न पाइन्छ। मैले पनि आशंका गर्न सक्छु, अरुले पनि आशंका गर्न सकिन्छ तर आशंका मात्रै होइन आशंका गर्ने तर आशंकामा डुब्न भएन।यो जुन बजेट छ यो बजेटलाई कार्यान्वयन गर्ने जिम्मेवारी हामी सबैको हो, माननीय मन्त्री ज्युले भन्नुभए झैं यो बजेट सरकारको मात्र होईन, यो बजेट सत्ता पक्ष को मात्र होईन, यो बजेट प्रमुख प्रतिपक्षको पनि हो, सत्ता पक्ष र प्रमुख प्रतिपक्षको मात्र होईन,यो प्रदेशबासी सम्पूर्ण जनताको हो।प्रदेशवासी सम्पूर्ण जनताको जीवनस्तर परिवर्तन गर्नको निम्ति यो बजेटलाई कार्यान्वयन गर्नुपर्दछ यो बजेटलाई कार्यान्वयन गर्ने जिम्मेवारी हामी सबैको हो।हामी सबै मिलेर एकतावद्ध भएर हामले बजेटलाई कार्यान्वयन गर्ने दिशातिर अगाडि बढ्यौं भने बास्तबमा सम्भव छ। पर्यटकहरु ल्याउने कुरा, ३०० भन्दा बढि होमस्टेहरुलाई व्यवस्थित गरेर कार्यान्वयन गर्न सक्यौं भने २०२२ सम्म पर्यटन वर्ष मनाउने जुन कुरा छ, प्रदेश पर्यटन वर्ष ! प्रदेश सरकारले लिएको उद्देश्य पूरा गर्न सम्भव छ। अहिले हामीले लमजुङ्गको घलेगाऊँमा हामीले हेरीराछौं, त्यहाँ घलेगाऊँमा मात्रै लाखौं पर्यटक आउँछ, पर्यटक भनेको गोरे मात्रै पर्यटक होईन,आन्तरिक र बाह्य पर्यटक दुईटै हुन्छ।३०० भन्दा बढि होमस्टे ब्यबस्थित गर्न सकियो भने त्यो सम्भब छ, आन्तरिक र बाह्य पर्यटक ल्याउने कुरा संभव छ, ऐतिहाँसिक, धार्मिक स्थल हरुलाई ब्यवस्थित गर्ने कुरा सम्भव छ यो कुरा म भन्नचाहन्छु र जनताको जीवनस्तर समृद्धि सम्भव छ ।म यिनै कुरा राख्न चाहन्छु र सामाजिक सुरक्षा र अरु बिबिध कुराहरुमा पनि सरकारले लिएका कदमहरु सहि छन् अब के भयो, के भएन होइन अब हामीले व्यवहारमा कार्यान्वयन गर्नेतिर जानुपर्दछ।मलाई लाग्दछ हाम्रा आशंकाहरु निवारण हुन्छन्। मलाई लाग्दछ सरकारले लिएको नीति र कार्यक्रमको आधारमा यो बजेट आएको छ। नीति र कार्यक्रमको जगमा आएको यो बजेट, प्रभावकारी

छ, यथार्थपरक छ। म फेरि अन्तिममा  म मेरोतर्फबाट मेरो दलको तर्फबाट पुर्ण समर्थन रहेको अनुरोध गर्दै मेरो भनाई अन्त्य गर्छु। धन्यवाद!

## माननीय सभामुख

माननीय श्री मणिभद्र शर्मा, कंडेललाई छलफलमा भाग लिन समय दिन्छु। समय- ५ मिनेट।

सभामुख महोदय, हामी बजेटका बारेमा गम्भिर ढंगले छलफल गर्दा दुईटा संक्रमणकालीन अबस्थालाई पार गरिरहेका छौं।एउटा मानवीय संशाधनका पक्ष ब्यवस्थापन गर्ने कुरा, केन्द्रको कृपा खान पर्ने कुरा र यहाँ म्यानेजमेन्ट गर्न नभ्याईएका, नसकिएका कुरा ! यो एउटा प्राबिधिक पक्ष हो। अर्को संक्रमणकालिन सत्तारुढ दलले नीति निर्माण गर्दा अब कसरि जाने भन्ने संक्रमणमा अहिले बडो ढुलमुलिरहेको छ। निजी क्षेत्रलाई प्रोत्शाहन गरेर जाने कि!सप्पै सत्ताले गर्ने भन्ने कुरा यो बजेटका धेरै पानाहरुमा अल्लमल्लका कुराहरु आऊँछन।कहिँकहिँ निजीक्षेत्रलाइ नि बोलाईन्छ, सहकारीलाई पनि बोलाईन्छ भन्नचुकिएको पनि छैन, तर यो यो चिज त हाम्लेई गर्ने हो है! सत्तालेइ गर्ने हो, सरकारलेई गर्ने हो भन्ने कुराहरु यहाँ देखिन्छन। जस्तैः-प्राङ्गारिक मल कारखाना, जडिबुटि प्रशोधन केन्द्र लगायतका कुराहरु आफैले गर्छम् भन्ने जस्ता कुराहरु यहाँ छन थुप्रै छन, मैले सं छोटो समयमा ति धेरै कुराहरु उल्लेख गर्न सक्तिन।यो दोहोरो संक्रमणकालिन अन्यौलतामा हामी गन्तव्यमा पुग्न सक्तैनौं।त्यसो हुनाले सरकारले आफ्नो गन्तव्य क्लीयर गर्नुपर्छ भन्ने मेरो विशेष आग्रह छ।यो प्रष्ट नभए जनतालाई पनि धोका हुनसक्छ।त्यो बारेमा म सचेत हुन आग्रह गर्दछु र दोश्रो कुरा शिक्षा क्षेत्रमा मैले अब अलिकति बुँदागत जान चाहैं ,शिक्षा क्षेत्रमा आज सरकारी स्कुलहरुमा सामुदायिक स्कुलहरुमा १७ प्रकारका शिक्षकहरु छन र किन सरकारी स्कुलहरु डे वाई डे ईन्क्रिज केरे प्रगति गरिरहेका छैनन्? के किन ओरालो लागिरहेका छन्? त्यसको जड बिषयवस्तु यो हाम्रो ह नीति तथा कार्यक्रममा वा तेले संबोधन गर्न पर्ने बजेट मार्फत व्याख्या गर्न सकिएन बरु अब नयाँ कोर्ष बनाउँछौं गाउँस्तर सित मिलेर, अनि तालिम दिन्छन् शिक्षकलाई भनेर भन्नेछ। मलाई के विश्वास छ भने केहि ५०/५५ बर्ष काटेका

बुढामास्टर बाहेक अरु सप्पै मास्टरहरु तालिम प्राप्त छन, दक्ष छन तर किन पढाएनन? त्यो जडतिर हामी गएनम् ! किन पढाएनन् भन्ने कुरा गहिरिएर खोज्ने हो भने आधा भन्दा धेरै मास्टर माऽ मास्टरहरु, शिक्षकहरु कम्युनिष्ट पार्टीको र काङ्ग्रेस पार्टीका कार्यकर्ता छन, संगठित सदस्य छन,जिल्ला कमिटी, केन्द्रीय कमिटी सम्म पनि होलान, अण्डरग्राउण्ड वा बैधानिक ढंगले ! तिनिहरुलाई खुरुखुरु पढाउ भन्ने आँट छ की छैन हामीसित ? यो अन्योलता चिरफार यहाँ गरिएको छैन। मलाई खानेपानी पर्थ पर्थक जाँदाखेरि बडो रुन मन लायो,हिजो हाम्रो एउटा माननीयजी यहाँ अरु कुराहरुले रुन खोज्नुभाथ्यो, मलाई यो खानेपानीको कुरा गर्दा रुन मन लायो। किन रुन मन लायो भने यो पोखराको राजधानीमा बस्नेलाई स्वच्छ पानी पिलाउँछु, अरुलाई आधारभुत पानी पिलाउँछु भन्नुभाछ। प्रष्ट शव्दमा लेखिया छ त्यो शब्द! अरु यो प्रदेश भरिका अरु जनतालाई ठिक्कैठिक्कैको पानी ख्वाउँछु, यो राजधानीमा बस्ने जतिलाई राम्रो पानी ख्वाउँछु भनेर भन्नुभाछ यहाँ,यस्तो भेदभाव गर्न पाईन्छऽऽऽ? त्यसो हुनाले म यो खबरदारी गर्छु, आम यो प्रदेशभरका जनताले एउटै खाले क्वालिटिको स्वच्छ पिउनेपानी पिउन पाउनुपर्छ, त्यो जनताको राईट्स हो। त्यसो हुनाले यो जनताको सार्वभौम राइट्स प्रति अधिकार प्रति खेलवाड गर्ने भाषाशैली र बजेट फोकसिङ्ग हुन हुँदैन, यस्तो अन्याय चाहिँ गर्न पाईदैन भन्ने कुरा म यहाँ यल्लाइ अली दोहोऱ्याएर भन्नचाहें। हाम्रो अर्थमन्त्रीजीले धेरै मेहनत गरेर यो वजेटलाई जनताको हितमा ल्याउन कोशिस गर्नुभाकोछ। वहाँले यो बजेट ल्याईरहँदा खेरि,अनि प्रेसमा गएर ७० पर्सेन्ट सम्म कार्यान्वयन गर्न सके भने त सकियो भने त ठिकै होला भनेर पनि यो यहाँ हामीलाई बजेटको किताब बुझाईसकेसी फेरि त्यो अभिव्यक्तीहरु दिनुभाछ। वहाँलाई पनि त्यो धरमरो भाकोछ। किन धरमरो भाकोछ भनेजस्तो लाग्च भने वहाँले हामी (माननीय सभामुखज्युको भनाई-माननीय सदस्य समय सकियो) सांसदहरुलाई विश्वासमा लिन सक्नुभएन। बिश्वास लिन नसकेका कारणले सबै सांसदहरुलाई जनताका माझमा यो बजेट लिएर जाऊ भन्ननसकेका कारणले वहाँले बजेट खर्च गर्न सक्तिन भन्ने वहाँलाई डर लागेको छ, यिनि कुराहरु राख्दै म अब छोटो बाग्लुङ जिल्ला, काठेखोला गाउँपालिकाको लेखानी साबिकको लेखानी गा. बि. स., अहिले काठेखोला गाउँपालिकाको वार्ड नम्बर ८

मा अस्तिको शनिवार धैरै ठुलो मुसलधारे बर्षाले धैरै ठुलो त्यहाँ क्षति गरेको छ। मानवीय क्षति त भएको छैन तर भौतिक क्षतिहरु धैरै भाकोछ,खानेपानीका मुहानहरु ध्वस्त भएका छन,मोटरबाटाहरु चाहीँ क्षतविक्षत भएका छन। गाउँपालिका, वार्डको केन्द्र र जिल्ला सदरमुकाम आउने बाटाहरु अबरुद्ध छन,पुलको जिप (माननीय सभामुखज्युको भनाई-माननीय सदस्य समय सकियो) ध्वस्त भएकोछ, यि सबै पक्षले त्यहाँ झण्डै मुल्याङ्कन गर्दा करोडौंको नोक्सान भएकोछ र केहि मानिसहरुका घर अहिले जोखिममा छन। डम्बरशिंह घर्ती मगर लगायतका घरगोठहरु बस्न अप्ठ्यारो पर्ने जोखिममा छन। ती बिषयवस्तुमा सरकारको ध्यान जाओस् र तत्कालिन राहत र उपलब्ध गराईयोस्। त्यहाँ सयौं रोपनि जमिन खेतियोग्य जमिनहरु ध्वस्त भाकोछ र अहिले तत्कालीन अबरुद्ध भएको मोटरबाटो र चारसय घरपरिवारलाई खानेपानी जुन अबरुद्ध भाको छ , युद्धस्तरमा त्यो समायोजन होस् भन्दै (माननीय सभामुखज्युको भनाई-माननीय सदस्य समय सकियो) मेरा आफ्ना भनाइहरु यहिँ अन्त्य गर्दछु। धन्यवाद ! जयनेपाल !

## माननीय सभामुख

माननीय श्री गायत्री गुरुङ्गलाई छलफलमा भाग लिन समय दिन्छु। समय-५ मिनेट।

माननीय सभामुख ज्यु, आज हामी आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङ्गले ल्याउनुभएको यो ०७५/०७६ को यो आर्थिक वक्तव्यमा हामी छलफल गर्दैछौं। सबैभन्दा पहिला म हाम्रो माननीय सभामुख नेत्र अधिकारी र माननीय सदस्य टेक बहादुर घर्तीको स्वास्थ्यलाभको कामना गर्न चाहान्छु। खासगरि हामीले यो प्रदेशलाई एउटा सम्वृद्ध प्रदेश बनाउने उद्देश्यका साथ अगाडि बढिराखेका छौं र अहिले बजेट बक्तव्य पनि आएको छ। खासगरि बजेटले एउटा भौतिक पुर्वाधार, कृषि क्षेत्रको आधुनिकिकरण, शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, पर्यटन, पुर्वाधार,उर्जाको बिकास, औद्योगिक क्षेत्रको बिकास, जलश्रोत, सिंचाई,नदी नियन्त्रण, खेलकुद लागायतका क्षेत्रमा क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट वक्तव्य आएको छ, र खासगरि उत्पिडनमा रहेका सम्पुर्ण जाति, जनजाति, क्षेत्र, लिङ्गलाई समेटेर यो बजेट वक्तव्य आएको छ, यसको लागि म

हाम्रो पार्टीको तर्फबाट म यो बजेट वक्तव्यलाई पुर्ण समर्थन गर्न चाहान्छु। सरकारलाई बधाई एवं धन्यवाद सहित शुभकामना दिन चाहान्छु र अहिले मलाई के लाग्छ भन्दखेरि अहिले संघीयता कार्यान्वयन गर्ने सम्बन्धमा हामी यो प्रदेश सभाको अभ्यासको क्रममा कतिपय ठाउँमा बहस भएको पनि हामी पाउँछौं। खासगरि यो संघीयता कार्यान्वयन हुन्छ, हुँदैन यो प्रदेश सभाको स्थिति के हो भन्ने खालको बाहिरि बहस पनि गरेको हामी पाउँछौं। मलाई के लाग्छ भन्दा यो बजेट वक्तव्य आउँदा खेरि यो हाम्रो प्रदेश सभाको रक्षा गर्ने कुरा, बिकास गर्ने कुरा र यसलाई एउटा सम्बृद्ध बनाउने कुरामा यो बजेट वक्तव्य एउटा खम्बा बनेर उभिएको मलाई अनुभूति भाछ। यसकारणले गर्दाखेरि म यसलाइ पुर्ण समर्थन गर्दै मेरो छोटो भनाई यहिँ अन्त्य गर्दछु। हस त अभिवादन !

## माननीय सभामुख

माननीय श्री कृष्ण थापालाई छलफलमा भाग लिन समय दिन्छु। समय-१० मिनेट

माननीय सभामुख महोदय,२०७५/०७६ को आर्थिक बजेट अथवा वक्तव्य सम्बन्धमा हामी छलफल गर्न गईरहेका छौं। यसमा म आफ्ना भनाईहरु केहि प्रस्तुत गर्न गईरहेको छु। मैले बजेट वक्तव्य आउँदा दुब्लाएर आएको भन्या थिएँ,एकजना माननीयजीले पछि आउँदा मोटाएर आऊँछ पिर नगर्नुस भन्नुभाथ्यो। शायद म त्यहि कुरामा धेरै विवश्त छु। मैले यो वक्तव्य सर्र हेरिरहें,करिब १७१ बुँदामा यहाँ बजेट बाँडिएको छ। अरु बुँदाहरु त्यसै केके भनेर लेखिएको छ। त १७१ बुँदामा मैले फेरि बजेट हेर्दाखेरि ३७ वटा बुँदामा यो पोखराको बिजयपुरखोला, उतातिर फेवाताल र यता बाग्लुङ बसपार्क भित्र नै अलिकिता केन्द्रित भएको छ। यल्ले गर्दा खेरि मलाई के लाग्छ त भन्दाखेरि कतै यो बजेटले मुस्ताङ्गलाई पनि समेट्न नसकेको, बाग्लुङ्गको यो सुखौरालाई पनि समेट्न नसकेको र मनाङलाई पनि नसमेट्न नसकेको हो कि भन्ने मलाई एउटा अनुभूति भएको छ, यो बजेटमा करिब करिब ३०/३७ मध्ये १३ वटा योजनामा बजेट यहाँ लेखिएको छ। करिब २८ जति बुँदा अ केरे ति उसमा बजेटको  लेखिएको छैन।शायद ब्यवस्था गरिसकेपछि त्यस्मा लेखिएकै नै होला र त्यो हिसाब जोड्दाखेरि त्यो १३ओडामा हिसाब जोड्दा ५४ करोड त्यहाँ बजेट उल्लेखित देखिन्छ।शायद ति २८ ओडा बूँदाहरु जोड्दा

त्यसको तिर्बल पनि हुनसक्छ। यल्ले गर्दा खेरि के लाग्छ त भने यो वास्तबमा गाउँमा, गाउँमुखी, उत्पिडित जनतामुखी अल्लि हुन सकेन कि!यो बढि पोखरामुखी हुन महानगरपालिकामुखी भएको छ कि! त्यल्ले गर्दाखेरि म यो कुरालाई अल्ली फरक फरक प्रकारले सोचाई राख्ने गरेको छु।त्यसपछि बजेटको अर्को पाटो, सबभन्दा बढि ओगटेको पाटो के हो त भने होमस्टे र मुख्यमन्त्री कृषि कर्यक्रमहरु ओगटिएको छ र यो का कार्यक्रम पनि वास्तबमा पछि डिपिआर गर्ने, केके गर्ने भन्ने किसिमको एउटा किसिमको आएको छ। मलाई लाग्छ यो बजेट आउँदाखेरि ३०० होमस्टे बनाउने र कृषि कार्यक्रम ठोस रुपमा आउनुपर्थ्यो। यदि ठोस रुपमा नआउँदा खेरि कतै हामी सरकार सँग अनुनय, विनय गर्ने परिस्थिति फेरि सृजना हुन्छ कि! यो गम्भिर पाटो बनेको छ।यदि त्यो विनय, अनुनय विनय गर्ने त्यो परिस्थिति श्रृजना भयो भने त्यल्ले मलाई लाग्छ आर्को पाटो के हो भने भ्रष्टाचार पनि सँगै सँगै लिएर आउन सक्ने पनि संभावना छ। त्यसकारण मलाई के लाग्छ त भने यस्ता कार्यक्रमहरु ठोस रुपमा, उल्लेखित रुपमा, किटानसाथ आउनुपर्छ र त्यसको एउटा कार्यबिधि पनि ब्यवस्थित किसिमले बनेर आउनुपर्छ जस्तो मलाई लाग्दछ,त्यसकारण यो बजेटको अर्को कमजोर पक्ष यो पनि हो जस्तो मलाई लागेको छ। त्यसकारण यो चि लाई राम्रोसँग मनन गरियोस्। आर्कोतिर मैले बजेटको अर्को पनि पाटोसँग ओगटिएको पक्ष पाटो के हो त भने हस्पताल निर्माण अर्को कुरा हो हेर्नुस्। हाम्ले र मैले पनि बाहिर के सुनिरहेको छु त भने कतै एलटिडि प्रकारका हस्पिटलहरु सँगमा जोडेर त्यो कार्यक्रम त आउने होइन? मलाई लाग्छ त्यो कार्यक्रम एल.टि.डि. प्रकारको कार्यक्रमसँग जोडेर आउँनु हुँदैन र त्यो शुद्ध सर् सरकारसँगले आफ्नै योजनामा अथवा सरकारी हस्पिटलहरु सँग जोडेर यो कार्यक्रम आउन आवश्यक छ र त्यसो आउन सक्यो भने पनि यसले वास्तवमा नागरिकको जुन स्वच्छ, स्वास्थ्यमा अहिले जुन किसिमको एकलौटि किसिमको एउटा प्रवृत्ति अथवा स्वास्थ्य माफियाहरुको जुन किसिमको प्रबृत्तिलाई नै यल्ले चिर्न जानेछ त्यसकारण म त्यो कुरा बिनम्रता साथ अनुरोध गर्न चाहान्छु र आर्कोतिर हामीले सडकको कार्यक्रम पनि प्रस्तुत गरेका छौं। हामी कइकइ माननीयज्यु हरु त अझ पद विशेष गरेर प्रत्यक्ष त माननीयजीहरु त हामी अल्लि खुसि भएका छम् भन्ने हाम्रा समानुपातिक सदस्यज्युहरुको एउटा भनाई छ। दुइ करोड दश लाखको कुरा! यो पनि अलिकिता समानुपातिक किसिमले काम गर्न सकेन कि! मेरो मिज्जुको सडक छ लेनको छ, म मितज्यूको सडक एक लेनको पनि छैन। के समानुपातिक किसिमले एकै किसिमको बजेट छुट्टयाउँदा न्याय गरो त मितज्यूको? अलि गरेन कि! त्यसकारण मलाई

लाग्छ यो किसिमले बजेट बिनियोजन गर्नुहुँदैन भन्ने मेरो आफ्नो तर्क पनि रहेको छ र म अन्तिममा के पनि बताऊँन चाहान्छु त भने हामीले कैयौं कामहरु गर्छौं,त्यसका परिणाममुखी हुन आवश्यक छ, त्यल्लाई ब्यवस्थित बनाउन आवश्यक छ र त्यसो बनाउन सकिएन भने आगामी दिनमा हामी उहि पुरानो एउटा परम्परावादि यो सदनमा हामी एउटा बिरालो बाँधेर श्राद्ध गरे जस्तै गर्छौं नि! कतै त्यहि योजनाहरुमा पनि त्यो स्थिति सिर्जना हुन नहोस् भन्ने भनाई राख्दै बिदा हुन्छु। धन्यवाद !

## माननीय सभामुख

माननीय श्री धनमाया लामा पोखेललाई छलफलमा भाग लिन समय दिन्छु। समय- ५ मिनेट ।

माननीय सभामुख ज्यु, संघिय लोकतान्त्रिक गणतन्त्रको स्थापना पछि पहिलोपटक आर्थिक बर्ष ०७४, ०७५/०७६ को पूर्ण बजेटको छलफलको क्रममा छौं।सर्वप्रथम त म प्रदेश सरकार र माननीय अर्थमन्त्री ज्युलाई हार्दिक सम्मान व्यक्त गर्न चाहान्छु।यो बजेटलाई मैले ४ नम्बर प्रदेशको समग्र बिकास र सम्बृद्धिको मार्ग सिद्धान्तको रुपमा लिएको छु। पार् प्राथमिकताको आधारमा बजेट विनियोजन नभएको मैले महशुस गरिरहेको छु र मलाई लागेको र खड्केको केहि बिषयवस्तुहरु मैले यो बुकलाई हेर्दा सरसर्ति हेर्दा मैले टिप्पोट गरेकोछु र म त्यहि सुझावहरु यहाँहरु समक्ष प्रस्तुत गर्न अनुमति चाहान्छु। पछिल्लो जनगणना अनुसार प्रदेशको करिब ४० प्रतिशत भन्दा बढि जनसंख्या रहेको युवाको पक्षमा प्रदेशको कुल बजेटको ०.४६ प्रतिशत मात्र रकम बिनियोजित गरिएको छ,त्यो पनि खेलमैदान निर्माण र हाई-अल्टिच्युड ट्रेनिङ्ग सेन्टर निर्माणको लागि यो, यो बिनियोजन भएको छ । उत्पादनमुखी र ब्याऽ ब्यावसायिक हुन आवश्यक छ, म प्रदेश सरकारलाई यो सुझाव दिन चाहान्छु।नेपालको संविधानको भाग १४ र धारा १७६ को उपधारा ६ मा तोकिए बमोजिम भएको प्रतिनिधि प्रतिनिधिलाई दिएको अधिकारमा कटौति गरि प्रत्यक्ष निर्वाचितको छड्के किनाराको साँक्षी बस्न संसद विकास कोषलाई क्षेत्रिय बिकास कोषको नामाकरण गरिएको छ र यसमा समन्वयको शिद्धान्त अबलम्ब अबलम्बन

गरि सबै प्रतिनिधिको भावना कदर गर्न म प्रदेश सरकारलाई अनुरोध गर्न चाहान्छु र मैले यो भन्दा पहिलेको बजेटमा त झन क्षेत्रिय बिकास कोष भनेर देखेको थियो अहिले झन मैले जतासुकै खोज्दा त्यो शिर्षक पनि हटाएको छ र अहिलेको बजेटमा त्यो कहिँ कतै, कहिँ कतै शिर्षक चेञ्ज भएर आएको छ, यो चतुऱ्याईं गरेकोमा म प्रदेश सरकारलाई धेरै धेरै धन्यवाद दिन चाहान्छु। हाम्रो देशको मौलिक मौलिकताको र पहिचानको पहिचानको मा केन्द्रित भएको पाईएन, ऐतिहासिक र पर्यटनको पर्यटन पर्यटकको मर्मबोध गराउने हो भने बाईसे चौबिसे राज्यको इतिहाँसलाइ संरक्षण र प्रवर्धन गर्न जोड दिन पर्ने आवश्यक ठान्दछु। बन्द रहेको राष्ट्रीय गौरबको उद्योगहरु जस्तै गोरखकाली रबर उद्योग त्यो देशको एउटा मात्रै उद्योग हो,त्यसलाई प्रदेश सरकारले केहि मात्र भएपनि बजेट ल्याउँनुपर्थ्यो, त्यसमा पनि म ध्यानाकर्षण गर्न चाहान्छु र २०७२ बैशाख १२ को भूकम्पबाट क्षतबिक्षत भएको निजी एवं सार्वजनिक संरचनाको पुनःनिर्माणलाई २ बर्षमा सम्पन्न गर्ने भन्दै गर्दा प्रदेश सरकारको बजेटमा मैले पाएँ र त्यसलाई सत्यको आधारमा तथ्यको अन्वेषण गरि एकरुपतामा जोड दिन पनि म प्रदेश सरकारलाई अनुरोध गर्न चाहान्छु र शिक्षा र स्वास्थ्य जो मौलिक अधिकार भित्र हुन पर्ने हो, त्यसलाई निजीकरण र व्यापारीकरणतिर उन्मुख उन्मुख भैरहेको अबस्थामा प्रदेश सरकारले हाम्रो यो प्रदेशमा जुन नीतिगत ढंगले र यो बजेट विनियोजन गर्नपर्नेथ्यो त्यसमा नि एकदमै कम देखेको छु र आगामि दिनमा यसमा प्रदेश सरकारले ध्यान पुऱ्याओस् भन्न चाहान्छु र अहिले यो बजेटको छलफलमा छौं र यो बजेटलाई हेर्दै गर्दा मैले यो प्रदेश सरकारले एउटा बजेट समग्र बिकासको ट्र्याक खोलेको छ र यसलाई हाम्ले पिच गर्ने, ग्राभेल गर्ने, पिच गर्ने र चार लेनको बनाउने यो हामी समग्र ४ नम्बर प्रदेशको ५९ जना सांसदहरुको कार्यभार हो र त्यसमा मैले गर्न पर्ने जिम्मा पुरा गर्ने प्रतिवद्धता जाहेर गर्दै (माननीय सभामुखज्यु केहि बोल्दै) मेरो भनाईहरु यहिँ अन्त्य गर्छु ।हस् त धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री चन्द्र मोहन गौचनलाई छलफलमा भाग लिन समय दिन्छु। समय- ५ मिनेट।

माननीय सभामुख महोदय,आज हामी यस सम्मानित सभामा २०७५/०३/०१ गते आर्थिक मामिला तथा योजनामन्त्री किरण गुरुङ्गबाट प्रस्तुत भएको बजेट माथि छलफलमा छौं। सर्वप्रथम त म यो बजेट ४ नम्बर प्रदेशको भाग्यरेखा कोर्न सक्ने सफल र जनमुखी बजेट आएको छ। म पूर्णरुपमा आत्मसाथ गर्दै यस सरकारलाई धन्यवाद दिन चाहान्छु। यतिमात्र हो कि यो बजेट सहि ढंगबाट कार्यान्वयनको पाटोमा जान सक्छ कि सक्दैन भन्ने एउटा चिन्ता छ तर बजेटलाई कार्यान्वयन गर्ने गर्ने कानुन या कार्यबिधि फितलो हैन कि कडा र सहि ढंगको हुनुपर्छ ।

सभामुख महोदय, यहाँ धेरै कुराहरु आइसकेका छन।यो बजेट माथिको छलफलमा म ती कुराहरुलाई दोहोऱ्याउन चाहाँदिन। सभामुख महोदय, सरकारले सबल र सम्बृद्ध प्रदेश निर्माण गर्नको लागि संबैधानिक ब्यबस्था, प्रदेशका अधिकारको सुची, नेपालले अन्तर्राष्ट्रीय क्षेत्रमा जनाएको दिगो बिकासको लक्ष्य, संघिय आर्थिक नीति र प्रदेश सरकारले आर्थिक बर्ष २०७४/०७५ मा लिएका नीति तथा कार्यक्रमलाई मार्गदर्शनको रुपमा लिनुपर्छ तबमात्र यो बजेटले सार्थकता पाउनेछ।यो आर्थिक बर्षलाई प्रदेश सरकारको सुदृढ र व्यवस्थापनको लागि प्रादेशिक नीति तथा संरचनामा निर्माण वर्षको रुपमा कार्यान्वयन गर्न अगाडि बढाउनुपर्छ नै तबमात्र सरकारको छुट्टयाएको बजेटलाई कार्यान्वयन गर्न सफल हुन्छौं। सभामुख महोदय, बजेटमा समाजवाद उन्मुख अर्थव्यबस्थाको लक्ष्य सार्बजनिक, निजी र सहकारी तथा सामुदायिक क्षेत्रको सहभागितामा बिकास गर्न न प्रबन्धक र प्रगतिशिल नीतिको कार्यान्वयनमा जोड, अर्थतन्त्रलाई उत्पादनशिलमुखी, आयआर्जन र रोजगार र प्रबर्धन, आत्मनिर्भर र निर्यातमुलक बनाउनमा जोड दिएको छ, यो सफल पक्ष हो। संघियता कार्यान्वयनमा प्रदेश, प्रदेशका बिचमा सुशासन, बिकास र सम्बृद्ध हासिल गर्न तिब्र प्रतिस्पर्धा हुने हुँदा सार्बजनिक, निजी र सहकारी क्षेत्रको पुँजिलाई प्रदेशमा लगानी गर्ने वातावरणमा सहजता ल्याईएको छ यो राम्रो पक्ष हो र प्रदेशको आर्थिक सम्बृद्धिको आधारको रुपमा रहेको पर्यटन, उर्जा, कृषि र भौतिक पुर्वाधार बिकासमा लगानी गर्ने वातावरण अहिलेको यस

सरकारले ल्याएको छ,मुख्य रुपमा समेटिएको छ,यो हाम्रो लक्ष्य पनि हो र खुसिको पाटो पनि हो।त्यसैले यस मानेमा यो बजेट राम्रो र सफल छ भन्दै मेरो आफ्नो भनाई यहिँ अन्त्य गर्दछु। हस् त धन्यवाद !

## माननीय सभामुख

माननीय श्री ओमकला गौतमलाई छलफलमा भाग लिन समय दिन्छु। समय-५ मिनेट।

माननीय सभामुख महोदय, संघिय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएपछि संबिधान कार्यान्वयनको पूर्ण पालना गर्दै आर्थिक बर्ष २०७५/०७६ को बजेट वक्तव्य माथि छलफलमा आफ्ना सुझाव राख्ने यो गरिमामय सभामा अनुमति चाहान्छु। माननीय सभामुख महोदय, मानौं यो छलफल केवल जिब्रोको राग मेट्न मात्र नभै सुझावको रुपमा कार्यान्वयन समेतको विश्वास लिएकी छु। सभामुख महोदय,यो बजेट वक्तव्य बाट हाम्रो प्रदेश संबृद्ध प्रदेश, भयमुक्त, हिंशामुक्त, उज्यालो प्रदेश र सुखि प्रदेश बन्ने कुरामा आशंका उत्पन्न भएको छ। माननीय सभामुख महोदय, ५१ प्रतिशत महिलाजगत जो समाजमा निर्धक्क, निर्भयपुर्ण र रहि भयमुक्त समाजमा बाँच्न पाउने र आर्थिक प्रलोभनमा परेर अनैतिक ब्यबहार समेतमा संलग्न गराईने र हरेक शारिरिक यातना, मानसिक यातना र धेरै पिडा बोक्नुपर्ने महिलाजगतको निम्ति यो बजेटले त्यो महिलालाई रोक्नको निम्ति मात्र होइन कि एउटा सशक्तिकरण मात्रै भनेको छ, आफैमा यो बजेट पुर्ण छैन भन्ने मेरो ठम्याई छ,माननीय सभामुख महोदय ! यो बजेटले समेट्न सक्दैन, हिंशापिडित महिलाको स्वास्थ्योपचार र पुनर्निर्माण होईन, हिंशा हुन बाटै रोक्नको निम्ति यो बजेट छुट्टयाईनु पर्छ।जब यो बर्तमान अबस्थामा एउटा रुपवति महिलालाइ तेजाब खन्याएर कुरुप बनाईन्छ र त्यो महिलालाई तेजाव खन्याईसकेको महिलालाई पुनर्स्थापना केन्द्रमा लानुभन्दा त्यो तेजाव खनिनुबाट बच्नको निम्ति बजेटमा ठोस नीति ल्याईनुपर्छ र त्यो कार्यक्रम ल्याईनुपर्छ भन्ने मेरो मान्यता हो। माननीय सभामुख महोदय, ज्येष्ठनागरिक ज्येष्ठनागरिकको निम्ति केहि संबोधन गरिएको छ, त्यो ज्येष्ठ नागरिकलाई दिवारुपमा ल्याएर, केहिछिन ल्याएर

जाउलो ख्वाएर पठाएर मात्रै हुन्न। हो, माननीय सभामुख महोदय, र त्यो ज्येष्ठ नागरिकलाई कहिले, कति,कहाँ, कहिलेदेखि सुरु गर्ने क कसरि राख्ने भन्ने कुराको कार्यबिधि यहाँ प्रष्ट भएको छैन। माननीय सभामुख महोदय, र सुकुम्बासीको बिषयमा जनचेतना अरे, जागरण कार्यक्रम अरे त्यो हुँदैन, जस्को नाङ्गो आङ छ, जस्को नांगो घरको छाना छैन र जसलाई आफु कहाँ बस्ने भन्ने व्यबस्था छैन र कहाँ बस्ने भन्ने पनि उसलाई थाहा छैन भने त्यसको लागि अधिकार सम्पन्न आयोग गठन गरि उनीहरुलाई लालपुर्जा बितरण र अब्यबस्थितलाई ब्यवस्थापन गर्ने बिषयमा यो कार्यक्रम ठोस रुपमा बोलेको मैले पाएको छैन। माननीय सभामुख महोदय, अघि नै पनि कुरा आईसकेकोछ र किनभने क्षेत्र बिकास कोषकै कुरा पनि आएको छ। आफ्नै सांसदलाई आफ्नै प्रदेश सभाका सदस्यलाई समेत विश्वास नगर्ने यस सरकारले आफैले पारदर्शी रुपबाट र आफैले भ्रष्टाचार रहित र आफैले सुनिश् कार्यान्वयनको सुनिश्चितताको ग्यारेन्टि के माननीय सभामुख महोदय? यहाँ पनि आशंका उत्पन्न भएको छ र माननीय सभामुख महोदय, मलाई खुसि लाग्यो, गुरुङ्गहरुको यो मौलिकता,संस्कृति र यसको  एउटा प्रतिवेदन हं तयार गर्ने भनेर कार्यक्रम आएको! मलाई खुसि लाग्यो। स्वागतयोग्य छ तर यस प्रदेशमा के गुरुङ्ग मात्रै बसोबास गर्छन? यहाँ मगर जातिहरुको वाहुल्य छैन, यहाँ के नवलपुर जिल्ला जहाँ थारुहरु छैनन? के उनिहरुको बिषयमा बोल्नुपर्थ्यो कि पर्थेन? माननीय सभामुख महोदय, कतै यो प्रदेश सभामा यो सरकारमा त्यो जातिको प्रतिनिधित्व न्युन भएर त होईन?मलाई त्यहाँनेर आशंका उत्पन्न भएकोछ। माननीय सभामुख महोदय,यहाँ हेर्दा जातिय विभेद होईन, लैङ्गिक विभेद होईन, यहाँ हेर्दा कुन सत्तापक्ष,कुन प्रतिपक्ष होईन, यहाँ हेर्दै गर्दा समान दृष्टिकोणले

**(माननीय सभामुखज्युको भनाई-माननीय सदस्य समय सकियो)**

जबसम्म सरकारले हेर्न सक्दैन, समाबेशि रुपबाट जबसम्म माननीयका हरुका यो योजनाहरुलाई कार्यान्वयनको पक्षमा ल्याउँदैन,तबसम्म यो सरकारको विश्वास माथि संका छ त्यसैले हाम्ले पनि योजनाहरु ५९ नै मन्त्रीज्यु हरु बाहेक अरुले दिएका योजनाहरु(माननीय सभामुखज्युको भनाई-माननीय सदस्य समय सकियो) भोलिको बुकमा बाँडफाँड भएर आउँदा हामीले हेर्नेछौं, यहाँ विभेद छ कि छैन?माननीय सभामुख महोदय,यो

हेर्न बाँकी छ, त्यसैले मलाई विश्वास छ यो सरकारले त्यसो नगरोस र यो सरकारले ल्याएका यहाँ यो किताबमा आएका, समावेश भएका कुराहरु भ्रष्टाचार रहित, पारदर्शिरुपमा, समावेशि तरिकाले, समान दृष्टिकोणले कार्यान्वयन होस भन्ने कुराको शुभकामना समेत दिन चाहान्छु। हस् धन्यवाद ! जयनेपाल !

## माननीय सभामुख

माननीय श्री आशा कोईराला लाई छलफलमा भाग लिन समय दिन्छु।समय- ५ मिनेट।

## माननीय सभामुख

अब म माननीय श्री महेन्द्र बहादुर थकाली लाई छलफलमा भाग लिन समय दिन्छु।समय- ५ मिनेट।

माननीय सभाऽ सभामुख महोदय, सर्वप्रथम माननीय सभामुख नेत्रनाथ अधिकारी र माननीय टेक बहादुर घर्ती मगरज्युको शिघ्र स्वार्थको स्वास्थ्यको लाभ गर्न चाहान्छु।माननीय सभामुख महोदय, मुलुक संघीय संरचनामा गएपछि प्रदेश सरकारले पुरक बजेटमा पहिलोपटक ल्याएको आ. व. ०७५/०७६ को बजेटमा सडक, ऊ उर्जा, पर्यटन, खानेपानी, स्वास्थ्य, शिक्षा आदिलाई जुन हिसाबले प्राथमिकता दिएको छ,त्यसको कार्यान्वयनको लागि पनि उत्तिकै जोड दिन आवश्यक छ। प्रदेश सरकारले चौबिस चौबिस अरब दुइ करोड तेत्तिस लाख रुपैयाँको बजेट ल्याएको छ, जसमा सबैभन्दा धेरै बजेट सडकका लागि तिन अरब बिस करोड छुट्टयाएर बजेटले सडकलाई प्राथमिकता राखेको छ। एक निर्वाचन क्षेत्र एक स्तरिय सडक कार्यक्रम अन्तर्गत प्रदेशका ३६ वटै निर्वाचन क्षेत्रलाई प्रति निर्वाचन क्षेत्र दुई करोड दस लाख रुपैयाँ विनियोजन गर्नुले पनि बजेटको प्राथमिकता झल्किन्छ। सभामुख महोदय, यो प्रदेशले सहरी बिकासका लागि स्थानीय तह र संघ,संस्थाको सहकाऽ सहकार्यको लागि पहिलो चरणमा तिस गाऊँपालिकाको केन्द्रमा बहुउद्देश्यीय सामाजिक सामुदायिक सभाकक्ष, राजधानी नजिकका सहरहरुलाई स्याटलाईट सिटि, स्मार्ट सिटि, सांस्कृतिक सहरको रुपमा बिकास

र सहरी यातायातलाई ब्यबस्थित गर्न मेट्रो मेट्रोऽ मेट्रो टर्मिनल र अन्तरप्रदेश भ्रमण बसमाऽ बसमार्गको छुट्टयाउनु सकारात्मक पक्ष भएको देखिन्छ।उर्जा बिकासका लागि आगामि दुई बर्ष भित्र सुबिधा नपुगेको सबै क्षेत्रमा बिजुलीबत्ति उपलब्ध गराउने र निजी क्षेत्र सँगको सहकार्यमा उच्चक्षमताक सौर्यउर्जाको संभाब्यता अध्ययन गर्न आवश्यक व्यबस्था मिलाएको छ साथै ब्यवस्थित नदी नियन्त्रण प्रणालीको बिकासलाई तटबन्ध निर्माण गरि डुवान,कटान,बाढी,पहिरो प्रयोगबाट न्युनिकरण गर्न छुट्टयाएको बजेट आफुमा धेरै राम्रो छ। सभामुख महोदय, ग्रामीण प्रबन्धन प्रबन्धनको लागि तिनसय गाउँपाऽ गाउँलाई नमुना पर्यटकिय गाउँको रुपमा विकास गर्नु, होमस्टे, नयाँ पर्यटकिय निर्माण, मर्मत सुधार, सौन्दर्यलखर तथा केन्द्र समेतका लागि बजेट बिनियोजन भएको छ, साथै एकिकृत संरचना सहितको पुर्वाधार बिकास गर्न पर्यटकहरुलाई चाहिँ "अतथीदेवो भवः" अभियान अन्तर्गत दुई सन् २०१९ लाई आन्तरिक पर्यटन बर्ष २०२० लाई छिमेकी देशका पर्यटक बर्ष र दुऽ सन् २०२२ लाई प्रदेश पर्यटन बर्षलाई छुट्टयाईएको बजेट आफुमा अति सुन्दर पक्ष छन।कृषिलाई जोड दिन मुख्यमन्त्रि नमुना कृषि गाउँ, कृषकलाई अनुदानको व्यबस्था, युवाहरुलाई कृषि स्वरोजगारी अभिवृद्धि गर्नेमा गर्ने कार्यक्रम, शितभण्डार निर्माण आदि, गरिबी निवारण र रोजगारी सृजनामा टेवा पुगेको देखेको छु। औद्योगिक बिकासको लागि प्रयोजनको बैंक, एक स्थानिय तह एक औद्योगिक ग्रामको स्थापना गर्नुको गर्नुको बजेटको सबल पक्ष हुन।सबै सबै आग्ज दुई बर्षमा स्वच्छ खानेपानी पुऱ्याउने लक्ष्य अनुरुप योजना तय गरेको छ। सभामुख महोदय, सर्वसुलभ र गुणस्तरिय शिक्षाको ब्यवस्था गर्न हिमाली तथा दुर्गममा पहाडी क्षेत्रमा रहेका सामुदायिक विद्यालयलाई आवाशिय विद्यालयहरुमा रुपान्तरण गर्ने, शैक्षिक तालिम, प्राबिधिक महाविद्यालय, खुल्ला विश्वबिद्यालय स्थापना गर्न र एक स्थानिय तह एक सार्वजनिक पुस्तकालय स्थापना गर्ने निजी शिक्षा प्रमने सकारात्मक पक्ष हो भन्ने ठानेको छु।आधारभूत स्वास्थ्य सेवामा अन्य अं अन्य नागरिकको पहुँच अभिवृद्धि गर्न, स्वास्थ्य बिमा, बाल स्वास्थ्य तथा गर्भवति महिलाहरुको लागि घुम्तिशिविर, सुत्केरीलाई सुत्केरीलाई एयरलिफ्टिङ, खोपमुक्त स्थाआथि नागरिक जस्ता कार्यक्रममा बजेट

विनियोजन गर्नु राम्रो पक्ष हो।युवाहरुलाई खेलकुद सँगैसँगै जानको लागि प्रादेशिक बहुउद्देश्यीय खेलमैदान, हाईअल्टिच्युड ट्रेनिङ्ग सेन्टर,युवालक्षित चुनौतिको कोष, प्रदेश प्रमुख स्वयंसेवक कार्यक्रम बजेटले छुट्टयाएको छ।भाषा, संस्कृति तथा पुरातत्वले संरक्षण र संबर्धन गर्ने बहुसां बहुसांस्कृतिक ग्राम, ऐतिहाँसिक तरिकाले चार नम्बर बिकास गरि धार्मिक पर्यटन प्रबर्धनलाई प्रदेश प्रतिष्ठान स्थापना गर्न बजेटको व्यबस्था गरिएको छ।अन्त्यमा यो बजेट समय सान्दर्भिक रुप र वस्तुवादी छ।यो पुरक बजेट पहिलो बजेट हो, यसमा छुटफुट हुन सक्छन, आगामि बर्षहरुमा परिमार्जित गरि जान र माननीय संसद सांसदज्युहरु बाट सांसदज्युहरुको सुझावलाई कति हदसम्म अहिलेको बजेटमा समायोजन गर्न सकिन्छ या सकिँदैन? त्यसतर्फ बिचार गरियोस् भन्ने अनुरोधका साथ माननीय आर्थिक मामिला तथा योजना मन्त्रिज्युले प्रस्तुत गर्नुभएको बजेटको पुर्ण समर्थन गर्दै बिदा हुन चाहान्छु।हस् धन्यवाद !

## माननीय सभामुख

माननीय श्री ललिऽ ललितकला गुरुङ्ग लाई छलफलमा भाग लिन समय दिन्छु।समय-५ मिनेट।

माननीय सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्रि माननीय श्री किरण गुरुङ्ग ज्यु बाट यहि आषाढ १ गते यस सदनमा प्रस्तुत गर्नु भएको दुई सय दुई बुँदा र एकतिस पेजमा ब्यवस्थित र मेहनतका साथ तयार गरिएको पुर्ण बजेटका लागिपुर्ण बजेट २०७५/०७६ का लागि म धन्यवाद नदिईरहन सक्दिन। म धन्यवाद दिन चाहान्छु र शैद्धान्तिक छलफलको क्रममा आज हामी दोश्रो दिनमा छौं र अहिलेसम्म थुप्रै माननीय ज्युहरुले ज्युहरुबाट मिश्रित रुपमा कृया, प्रतिकृयाहरु आइरहेका छन।म आँफु प्रतिपक्षको हैसियतमा रहेर बोलिरहँदा सभामुख महोदय, "अरु नाचेका, हाम्रो घरका ढल्किएका" भनेर जुन भनिरहेको कुरा म सुनेर र टुलुटुलु हेरेर बसिरहन सकिन। समयले निकै छलाङ् मारिसकेको छ। हामी संघिय लोकतान्त्रिक गणतन्त्र संस्थागत

पछिको संबिधान कार्यान्वयनमा छौं तर हामी र हाम्रो परिपाटि कत्ति पनि परिवर्तन हुन सकेको छैन। यो बजेटमा ठ्याक्कै लक्षित कार्यक्रम भेटिन मैले, र जनताले अपेक्षा गरे भन्दा फरक रुपमा बजेट आएको छ। सभामुख महोदय, मलाई यो सन्दर्भमा महामानव बि.पी. कोईरालाको भनाईको याद आयो, देश बिकास गर्नु छ भने दरबार होईन झुपडी हाँस्नुपर्छ। साँच्चै भन्दा बडो मेहनतका साथ आएको यस निलो किताबमा मैले सहरी र ठुलाठुला र काल्पनिक र अध्ययनका कुराहरु थुप्रै भेटैं तर ति गाउँ बस्ती आज सुन्य छन।त्यहाँ यहाँ भेटिएको छ बाँझो जग्गालाई बाँझो जग्गा बाँझो नराख्न प्रोत्साहन गरको कुरा मैले भेटेको छु तर ति बाँझो जग्गा बनाएर रित्तिएको बस्तीमा ति हराभरा बस्ती बनाउनको लागि कुनै त्यस्तो लक्षित बजेट मैले देखिन।आज ति बस्ती नभरिए सम्म ति सहरका भनाई छ "बेसी झरेको कुकुर,सहर पसेको मान्छे फर्काउन निक्कै कठिन हुन्छ"। हाम्रो परिस्थिति अधिकांश गाउँबासिहरु सहर पसिसकेका छन र तिन्लाई कसरी गाउँ फर्काउने र ति बाँझो जग्गालाई कसरि हराभरा बनाउने?त्यसप्रति मैले कार्यक्रम लक्षित देखेको छैन।त्यस्तै हामीले थुप्रै रुखहरु काटेका छौं, यो बर्षे सिजन छ रुखको बनको बन जोगाउनको कुनै अभियान मैले त्यस्तो देखेको छैन र सामाजिक सुरक्षा भत्ता यहाँ धेरै कुराहरु आइसके। बुढाबुढी आमालाई त आफ्नो सन्तान(माननीय सभामुखज्युको भनाई-माननीय सदस्य समय सकियो)सन्तानको मायामा राख्नुपर्ने होला,संरक्षणमा बस्नु पर्ने होला र त्यसको लागि सामाजिक सुरक्षा भत्तामा नै केहि ब्यवस्था गरिएको भए हुने थियो तर त्यसलाई नभएर आश्रमतिर लखेटिने जुन धारणा छ, जुन योजना आएको छ त्यस प्रति मेरो थोरै आपत्ति रहेको म जानकारी गराउँदै म आफ्नो भनाई अन्त्य गर्न चाहान्छु। धन्यवाद ! जयनेपाल !

## माननीय सभामुख

माननीय श्री दिपक कोईराला लाई छलफलमा भाग लिन समय दिन्छु।समय- ५ मिनेट।

माननीय सभामुख महोदय,हामी आर्थिक बर्ष ०७५/०७६ को बार्षिक बजेट माथि छलफलमा छौं र यो बजेट निकै मेहनतका साथ निर्माण गरिएको छ र यो बजेट हेर्दा

हामीले जे कुरा सरकारले नीति तथा कार्यक्रममा प्रस्तुत गऱ्या थियो र जे कुरा हामीले यो सदनमा उपस्थित हुँदै गर्दा प्रतिवद्धता व्यक्त गर्दै आएका छौं, यो प्रदेशलाई एउटा सम्बृद्ध प्रदेशको रुपमा अगाडि बढाउने, यो प्रदेशलाई अरु प्रदेश भन्दा अब्बल प्रदेशको रुपमा स्थापित गर्ने, हाम्रो प्रतिव्यक्ति आयलाई वृद्धि गर्ने, लगायत धेरै कुराहरु जो कुरा हाम्रो सम्बृद्ध प्रदेश निर्माण गर्ने कुरा सँग सम्बन्ध सम्बन्धित छन र सँगसँगै हामी सबैले हस्ताक्षर गरेको संविधानमा समाजवाद उन्मुख संबिधान जे कुरा हामीले भन्या छौं र हाम्रो समाजलाई हामी समाजवाद उन्मुख समाज निर्माण गर्छौं भनेर भन्याछौं, त्यो कुरामा आधारित भएर नै यो बजेट आएको छ भन्ने म ठान्दछु, त्यसकारण सरकारलाई, अर्थमन्त्रिज्युलाई म यो बजेट जसरि मेहनतका साथ निर्माण गर्नुभएको छ,त्यसको लागि हार्दीक आभार व्यक्त गर्न चाहान्छु। बजेटमा धेरै कुराहरु छन र मैले किन पनि यसो भनिराख्याछु भने बजेट यसपटकको बजेटले एउटा कुराको अन्त्य गरेको छ। हुन त यहाँ धेरै कुराहरु उठेका छन खैर यो मेरो कुरा हो। मैले यो बजेट पढ्दै गर्दा एक एउटा कुरा के कुराको अन्त्य भएको पाएको छु भने बजेट वा सरकार अब पहुँचवालाहरुको मात्रै रहेन, बजेट निर्माण गर्दा सरकारले अब पहुँचमा भएकाहरु, पहुँच भएकाहरुको क्षेत्रमा मात्रै बिकास निर्माण गर्दैन भन्ने कुराको प्रष्टता यो यो यो बजेटले दिएको छ जस्तो जस्तो दुईटा कुरासँग सम्बन्धित छ। एउटा हामीले समाजवादी अर्थतन्त्र निर्माण गर्ने कुरासँग र अर्को हामीले सबैका स सरकार सबैको समान पहुँच सरकारमा सबैको समान पहुँच, बराबरि पहुँच हुन्छ भन्ने कुरा स्थापित गर्ने कुरासँग जस्तो एउटा उदाहरण म तपाईंहरु प्रस्तुत गर्न चाहान्छु, जस्तो हरेक गाउँपालिका सँग केन्द्रित रहेर यहाँ कार्यक्रम आएको छ। गाउँपालिकामा हामी यो हाम्रो बजेटले भनेको छ, हरेक स्थानीय तहमा एक स्थानीय तह सडक साझेदारी कार्यक्रम, एक स्थानीय तह एक खेलमैदान, एक उद्योगग्राम, एक पुस्तकालय, शितभण्डार, एक कृषि तथा पशु बजार केन्द्र, अस्पताल, बहुउद्देश्यीय सामुदायिक भबन निर्मान गर्ने कुरा यो कसैको पहुँचमा आएको होइन। यो सबै ईकाइहरुलाई बराबरी अधिकार दिएर आएको हो, यो एउटा उदाहरण मात्रै मैले यहाँ प्रस्तुत गऱ्या हो, यसको बिस्तृत व्याख्या गर्ने समय म सँग छैन। त्यसकारण म उदाहरणको रुपमा मात्रै यहाँ प्रस्तुत गर्न चाहान्छु। र यो

समग्रमा म अर्को कुरा के राख्न चाहान्छु भने यो बजेटले सरकारले म एकदमै मलाई महत्वपूर्ण लागेको अर्को कुरा के हो भने यो सर यो बजेटले सरकारले आफैंले आफैलाई च्यालेन्ज गरेको छ । जहिले सम्म आफुले आफैलाई च्यालेन्ज गर्न सकिँदैन, बिकास संभव छैन।जस्तो एउटा परियोजनाको लागि हामीलाई एक अरब पैसा चाहिन्छ, यो बजेटले एक करोड मात्रै छुट्टयाएको छ। उनान्सय करोड रुपैया खोज्ने प्रतिबद्धता सरकारले यहाँ व्यक्त गरेको छ,त्यो सरकारले आफुलाई च्यालेन्ज पैदा गरेको छ, हो त्यो च्यालेन्ज पुरा गऱ्यो भने यो यो सरकार पुरा गर्न सक्छ भन्ने प्रतिवद्धताका साथ आएको छ, पुरा गर्न सक्छ भन्ने विश्वास मैले लिएको छु र यो च्यालेन्जले जे खडा गरेको छ, यो नै यसको सबभन्दा सुन्दर पक्ष हो जस्तो मलाई लाग्दछ। त्यसबाहेक अरु कार्यक्रमहरु धेरै आएका छन, यहाँ बजेट वक्तव्यमा नै आएको कार्यक्रम म दोहोऱ्याउन चाहादिन र अन्तिममा फेरि पनि म के राख्न चाहान्छु भने यसले जसरि हाम्रो उर्जा, भौतिक पुर्वाधार,कृषि, कृषिको क्षेत्रमा यहाँ मैले अघिल्लो पटक सदनमा उठाएको थिएँ, कृषि हामीले बाँझो जमिन नराख्ने त भन्यौं तर उत्पादन गरेको कहाँ लैजाने? भन्ने समस्या छ भन्ने कुराको जवाफ शितभण्डार बनाउने कुराले दिएको छ।हामीले उत्पादन गर्छौं तर बजारमा मुल्य हुँदैन भन्ने कुराको जवाफ हामीले हह उ केरे खेति लगाउनु पुर्व नै अनुमानित बजारभाउ सरकारले निर्धारण गर्छ भन्ने कुराले जवाफ दिएको छ।त्यसकारण धेरै जवाफहरु यो बजेटले दिएको छ र त्यसकारण यो एउटा सक्षम,सफल रुपमा यो प्रदेशलाई एउटा आत्मनिर्भर प्रदेश बनाउने कुरा मात्रै हैन,अर्गानिक प्रदेश र हामी विषादी रहित प्रदेश बनाउने कुरा (माननीय सभामुखज्युको भनाई-माननीय सदस्य समय सकियो) पनि यल्ले गरेको छ।हामीले त्यसकारण यो सबैलाई समग्र रुपमा हेर्दा यो बजेट अत्यन्तै राम्रो रुपमा र सम्बृद्ध प्रदेश निर्माण गर्ने क्रममा आएको छ भन्ने लाग्दछ। धन्यवाद!

## माननीय सभामुख

माननीय श्री ईन्द्र लाल सापकोटा लाई छलफलमा भाग लिन समय दिन्छु।समय- ५ मिनेट।

माननीय सभामुख ज्यु, हामी यतिबेला आर्थिक बर्ष २०७५/०७६ को बजेट माथि छलफलमा सहभागि छौं। प्रदेश सरकार निर्माण भएपछि प्राबिधिक हिसाबले,कानुनी हिसाबले हामी २ वटा बजेट माथिको छलफलमा सहभागि बन्यौं तर जनताले अनुभुत गर्ने र प्रदेश सरकार, नजिकको सरकारको रुपमा अनुभूत गर्ने पहिलो बजेटको रुपमा यो बजेट हाम्रो सामु उपस्थित छ।बजेटले धेरै कुरा समेटेको छ,धेरै पुर्ववक्ता माननिय सांसदजिहरुले राख्नुभएको छ, म धेरै कोट्टयाउन जान्न र समग्रतामा बजेटले धेरै बिषयहरु छुने प्रयत्न गरेको छ यसका निम्ति अर्थमन्त्रि सहित सम्पुर्ण मन्त्रिपरिषद र सम्बन्धित सरोकारवाला सबैलाइ म हार्दिक धन्यवाद आभार व्यक्त गर्न चाहान्छु र सँगसँगै मैले थोरै ध्यान केन्द्रित गर्न चाहान्छु कि हामी संघिय संरचनामा अगाडि बढिरहँदा हामीले चाहेको बिषय के हो भने पछाडि परेका क्षेत्र र समुदायको समूचित बिकासको कुरा हामीले गरिरहेका छौं।४ नम्बर प्रदेश भित्र ११ वटा जिल्ला छन, मैले अर्थमन्त्रि सहित मन्त्रिपरिषदका सदस्यज्युहरु पनि यहाँ हुनुहुन्छ, म फेरि पनि ध्यान केन्द्रित गर्न चाहान्छु, मेरो जिल्ला बाग्लुङ्ग प्रतिव्यक्ति आयको हिसाबले सबैभन्दा कमजोर जिल्लाको रुपमा उपस्थित छ, एउटा अत्यन्तै पहाडि जिल्लाको रुपमा उपस्थित छ। मैले बजेट कोट्टयाउँदा यल्ले ढोरपाटन छोएको छ यसका निम्ति म धन्यवाद दिन चाहान्छु।कालिका भगवति मन्दिर परेको छ म हार्दिक धन्यवाद दिन चाहान्छु र स्वभाबिक ढंगले हामीले अपेक्षा गरेका छौं, उत्तरगंगा सहितका त्यहाँका संभावित बिकासका संरचनाहरुलाई यो प्रदेशले ध्यानमा राखेर मन्त्रालय अन्तर्गतको बजेट बिनियोजनको शिर्षकमा फेरि खुसिका साथ धन्यवाद दिन पाउँ। यहाँहरुलाई बधाइ दिन पाउँ म यो अपेक्षा गर्न चाहान्छु। त्यहाँ पञ्चकोट छ, त्यहाँ भैरबस्थान छ, त्यहाँ ढोरबाराही मन्दिर छ, थुप्रै संभावनाहरु छन, यि कुराहरुलाई बजेटले संबोधन गर्न सकोस् मैले त्यो अपेक्षा गर्न चाहान्छु र समग्रतामा यसले आर्थिक बृद्धिदर ८ पुऱ्याउने कुरा गरिरहेको छ, गरिबी घटाएर ७ परसेन्टमा ल्याउने कुरा गरेको छ, समग्र प्रदेशको सम्बृद्धिको कुरा गरेको छ, बजेट समग्रमा हेर्दा मलाई लाग्छ, हामी ४ नम्बर प्रदेश पोखरा कहाँ छ मलाई थाहा छैन तर मलाई यति मात्र विश्वास छ कि बास्तबमा हाम्रो राजधानि, गौरब गर्न लायक राजधानि यो ५,७ बर्ष भित्र बनाउँन सक्छौं कि! भन्ने अनुभूति भएको छ।यसका निम्ति

मलाई लाग्छ, प्रदेश सरकारलाई अझ बेसि धन्यवाद दिन चाहान्छु। यसमा हामी कञ्जुस्याईं गर्नुपर्ने कुनै जरुरी छैन। निश्चित रुपमा राजधानि हामीले राम्रो गराउन सकेनौं भने पहिलो आउने पर्यटकले नेगेटिभ म्यासेज लिएर जान सक्छ, त्यसका निम्ति धन्यवाद दिन चाहान्छु तर पोखरा सँगै यो बाईस लाख पर्यटन भित्र्याईरहँदा ढोरपाटनमा कसरि पुऱ्याउने, मुक्तिनाथ कसरि पुऱ्याउने, गलेश्वर कसरि पुऱ्याउने, पञ्चकोट कसरि पुऱ्याउने भन्ने कुराको हामीले सहि विचारिक ढंगले हामीले निर्णय लिन सकेनौं भने, मलाई लाग्छ बाइस लाख पर्यटक पुरा पोखरामा मात्रै अटाउन सक्छौं। मलाई लाग्दैन, त्यसकारण यो सरकार अझै फराकिलो हिसाबले पर्यटकीय गन्तव्य खोजका निम्ति आफ्नो ध्यान केन्द्रित गरोस् यो पनि म राख्न चाहान्छु र अन्तिममा म एउटा जनताबाट निर्वाचित सांसदको हैसियतले मैले यो बजेट बक्तव्य माथि छलफल गरि रहँदा एउटा मेरो जिल्लामा अत्यन्तै दुःखद घटना घटेको छ म त्यो सार्बजनिक घटनासँग सरोकार भन्दा बाहिर रहँन सक्दिन, त्यसकारण मैले समय थोरै अनुरोध गरेको थिएँ, मैले थोरै बिषय राख्न चाहान्छु। बाग्लुङ्ग जिल्लाको काठेखोला गाउँपालिका वार्ड नम्बर ८ को लेखानी र वार्ड नम्बर ७ को रेश र गल्कोट नगरपालिकाको नरेठाँटी र दुधिलाभाटीमा शनिवार र आइतबार परेको मुसलधारे बर्षाले अत्यन्तै ठुलो क्षति गरेको छ, खानेपानीका पाईपहरु बगेका छन,पानीका ट्यांकीहरु फुटिएका छन, थुप्रै बाटो झण्डै झण्डै कुनै ठाउँमा सय मिटर, कुनै ठाउँमा दुई सय मिटर, कुनै ठाउँमा पाँच सय मिटर बाटो क्षतबिक्षत अबस्थामा छ। म हिजो सम्बन्धित ठाउँमा पुगेर आएको छु र लेखानी र कार्देश जोड्ने एउटा सानो झोलुङ्गे पुल छ, त्यहाँ बाटो पनि गएको छ त्यो झोलुङ्गे पुल आज क्षतबिक्षत अबस्थामा छ र झण्डै १८० घरका मान्छे माध्यमिक विद्यालय पढ्नका निम्ति स्कुल आउन हिजो देखि बन्द भएको छ। झोलुङ्गे पुलको एउटा चौका बगाएर लगेको छ र खोलो तर्नसक्ने स्थिति पनि छैन, बाटो पनि छैन, पुल पनि छैन। त्यसकारण यो सरकार सबैभन्दा पहिला प्रदेश सरकार छ, अनुभुति दिनका निम्ति हामी ति बिद्यालय आउन नसक्ने बच्चाहरुलाई छिटो भन्दा छिटो पुलको मर्मतको काम गरेर बिद्यालय आउनुपर्ने बनाउनु पर्नेछ, सँगसँगै गलकोट नगरपालिकाको नरेठाँटीमा केहि परिवार विस्थापित भएका छन, पहिरोले गर्दा तिर्थ बहादुर घर्ती, मान(माननीय सदस्य

समय सकियो) बहादुर नेपाली, ढक बहादुर नेपाली, राम बहादुर नेपाली, ईन्दु राव लगायतका मान्छेहरु घर देखि माथि बाट पहिरो आएर हिजोदेखि नै विस्थापित छन उनीहरु घर बाहिर छन, यसरी सिंचाई,खनेपानी,झोलुङ्गे पुल र घर नै विस्थापित भएर आज बाहिर बस्नुपर्ने स्थिति भएको छ, त्यसकारण मैले सभामुख महोदय मार्फत प्रदेश सरकारको ध्यान जाओस कि! हाम्रो छिमेकमा सरकार छ, यो पोखराको सरकारले हामीलाई द्रुत गतिमा पुल बनाईदियो, (माननीय सदस्य समय सकियो) खानेपानी बनाईदियो, हामीले केहि राहत महशुस गऱ्यौं भन्ने कुराको अनुभूति दिने गरि मन्त्रिपरिषदको ध्यान केन्द्रीत गर्न चाहान्छु र मेरो छोटो भनाई यहिँ अन्त्य गर्न चाहान्छु। हस् धन्यवाद !

## माननीय सभामुख

माननीय श्री सरिता गुरुङ्ग लाई छलफलमा भाग लिन समय दिन्छु।समय- ५ मिनेट।

माननीय सभामुख महोदय, आर्थिक बर्ष २०७५/०७६ को बजेट बजेटमा धेरै बिषय शिर्षकहरु समावेश भएको पाइयो। पुर्वाधार विकास, कृषि, पर्यटन,सामाजिक लगायत बिषयहरुमा सभामुख ज्यु धेरै पुर्वाधार बिकासका कामहरु छन र सडक बत्ती, पानी, बिजुली जस्ता जिल्लाहरुमा प्रदेशमा धेरै अधुरो योजनाहरु छ र मलाई विश्वास छ,अब प्रकाशित हुन लाईराखेको रेडबुकमा रातो किताबमा पक्कै पनि त्यो योजनाहरु अलपत्र नरहने गरि संबोधन हुनेछ भन्ने कुरा मैले विश्वास गरेको छु।अरु सभामुख ज्यु,आगामी २ बर्षभित्र स्वास्थ्य, शिक्षा, खानेपानी र घरघरमा बिजुलीबत्ति पुग्ने कुरालाई पनि मैले यल्लाई सकारात्मक रुपले हेरेको छु, किनभने मलाई विश्वास छ,बिजुली बत्ती पुगेपछि पक्कै पनि महिलाहरुले कुटानी, पिसानी गर्न पाउनेछ,ढिकी, जाँतो बाट मुक्त हुनेछ र पानी पुगिसकेपछि डोको र नाम्लो बाट मुक्त हुनेछ भन्ने मैले विश्वास गरेको छु किनभने यो कुरा यो रेडबुकमा मात्रै लिपिबद्ध नहोस् ,यल्लाई कार्यान्वयन गर्नुहुनेछ भन्ने कुरा मैले विश्वास गरेको छु र यस प्रदेश सरकारलाई पनि अनुरोध गर्दछु। सभामुख महोदय र यो बिजुलीबत्ती, उर्जाशक्ति प्रयोग गरिसकेपछि गाऊँघरमा बसिरहे बसोबास गर्ने महिलाहरु ग्रामिण जनताले पक्कै

जनताहरु पक्कै टुकिमुक्त भएर बिजुलीबत्तीको प्रयोग गर्न पाउनेछ र वहाँहरुको स्वास्थ्य, शिक्षामा सकारात्मक परिवर्तन हुने कुरा पनि मैले विश्वास गरेको छु र सभामुख महोदय, जनसंख्या नेपालको जनसंख्याको ५१ प्रतिशत महिलाहरु छन, तेति हुँदाहुँदा पनि मैले यहाँ महिलाहरुलाई खासै संबोधन गरेको महिलामुखी, महिलामैत्री बजेट मैले पाएन र किनभने हुन यसमा गर्भवति महिला र प्रसुतिका कुराहरु त छन, मात्रै त्यति भएर मात्रै पुग्दैन, हुन त मान्छेको सबै भन्दा ठुलो स्वास्थ्य हो। स्वास्थ्यलाई बढि बिचार गर्नपर्छ,तर त्यति हुँदाहुँदा पनि महिला सशक्तिकरणको कार्यक्रम आउन पर्ने मैले आवश्यक ठानेको छु। महिलाहरु र यो हामी "सुखि नेपालीःसम्बृद्ध प्रदेश" बनाउनका लागि यो आर्थिक सम्बृद्धिमा ध्यान दिनपर्ने हुन्छ। जबसम्म महिलाहरु आर्थिक सम्बृद्धि हुँदैन,तबसम्म यो देशको यो प्रदेशको पुरुषले पनि महिलाहरु बाट छुट पाउनुहुन्न किनभने यहाँले महिलालाई पेवापात, घरखर्च दिएर सम्पुर्ण आतेजाते खर्च दिनपर्ने हुन्छ। त्यसैले महिलामुखी बजेट आउनलाई म अनुरोध गर्दछु किनभने यहाँ धेरै जनजातिहरु, दलितहरु, महिलाहरु भैकन पनि र हामीले यहाँसम्म अहिले ऐतिहासिक प्रदेश सभामा ल्याई पुऱ्याउने महिलाको ठुलो भुमिका र ठुलो हात छ। सभामुख महोदय किनभने हामी निर्वाचनमा निर्वाचनको घडीमा बुथमा जाँदाखेरि तिनलाईन अथवा दुईलाईन महिलाको थियो भने भोट दिने एक लाईन पुरुषको हुन्थ्यो र हामीलाई यहाँसम्म ल्याउने महिला हो तैपनि महिलालाई हामीले यहाँ बिर्सिरहँदा कताकता मलाई नरमाईलो लागेछ, मन चिसो भैराखेछ, म फेरि पनि यो अनुरोध गर्छु। यो प्रदेश सरकारलाई फेरि महिलाको लागि पुनः बिचार गरियोस् भन्ने अनुरोध गर्दछु र ज्येष्ठ नागरिकको बारेमा मैले धेरै पटक दुईटा नीति तथा कार्यक्रममा बोलिसकेको छु। किनभने ज्येष्ठ नागरिक भनेको हाम्रो ज्युँदो इतिहास हो,हाम्रो इतिहास हो र हाम्रो यो पैतृक सम्पति हो तैपनि हाम्ले धेरै भुलिराखेको छु, यो पनि नभुल्न मैले अनुरोध गरें, यो सँगसँगै मैले अर्को कुरामा अनुरोध गरें, यहि २०७५/०२/२८ गते तनहुँ जिल्ला साबिक

**(माननीय सदस्य समय सकियो)**

अरुणोदय यो मेरो अर्को बिषय भन्दा फरक मैले यहाँ अनुरोध गर्न चाहें, अरुणोदय गा.बि.स. साबिक अरुणोदय गा.बि.स.२ भिमाद नगरपालिकामा चाहिँ कमला तिमल्सेनाको चट्याङ्ग

लागि मृत्यु भएको छ, यहाँ म यो क्षतिपुर्तीको लागि यस प्रदेश सभामा अनुरोध गर्दै बिदा हुन्छु। धन्यवाद ! जयनेपाल !

## माननीय सभामुख

माननीय श्री साबित्रा राना लाई छलफलमा भाग लिन समय दिन्छु।समय- ५ मिनेट।

माननीय सभामुख ज्यु,यस गरिमामय सदनमा आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङ्ग द्वारा प्रस्तुत २०७५/०७६ को बजेट वक्तव्यको छलफलमा जुटिरहेका छौं। अत्यन्त मेहनेतका साथ जनउत्तरदायी बजेट ल्याउनुभएकोमा माननीय आर्थिक मामिला तथा योजना मन्त्रि किरण गुरुङ्ग ज्यु र प्रदेश सरकार प्रति साधुवाद व्यक्त गर्न चाहान्छु।बिकास र सम्बृद्धिको मेरुदण्ड बजेट, राज्यको निर्देशक शिद्धान्त, संघिय आर्थिक नीति र बिकासको लक्ष्य प्राप्ति गर्न आर्थिक बर्ष २०७५ र ०७६ को नीतिलाई नीति कार्यक्रमलाई र विनियोजन बिधेयक ०७५ का सिद्धान्त र प्राथमिकताको जगमा टेकेर यसको आधारमा बजेट आएको छ। बजेटलाई सरसर्ति अध्ययन गर्दा मर्निङ्ग सोज द डे दिनको संकेत बिहानीले गर्छ भने झैं बजेट वक्तव्यले यो प्रदेशको र प्रदेशवासीको उज्ज्वल भबिष्यको संकेत गरेको छ। सुखि नेपाली र सम्बृद्ध नेपाल बनाउने राष्ट्रीय अभियान र हामी सबैको चाहनालाई आत्मसात गरेको छ। माननीय सभामुखज्यु, श्रोत र साधनको भरपुर उपयोग ब्यबस्था ब्यबस्थापन र परिचालन गरि आर्थिक विकासका माध्यम बाट समाजवाद उन्मुख अर्थतन्त्रको प्रस्थान बिन्दु तय गरेको छ।यसर्थ,म यो बजेट प्रति मेरो समर्थन रहेको छ। सबै प्रकारका बिभेद वहिष्करण र उत्पिडनको अन्त्य गर्दै आर्थिक सामाजिक रुपान्तरण गर्ने लक्ष्य बजेटले लिएको छ। भौतिक पुर्वाधार बिकासको पहिलो आधार बाटो, सडक सञ्जालको बिस्तार गर्ने, निर्वाचन क्षेत्रका महत्वपूर्ण बाटाहरु बिस्तार गर्दै सेवा प्रवाहमा पहुँच पुऱ्याउने कुरा महत्वपूर्ण छ।सम्बृद्ध प्रदेश निर्माणका आधार पर्यटन, उर्जा, कृषि, उद्योग र भौतिक पुर्वाधार बिकास महत्वपूर्ण रहेका छन। स्थानिय तहको प्रत्येक वडा केन्द्रलाई पालिकाको केन्द्रसँग, पालिकाको केन्द्र बिन्दुलाई जिल्ला सदरमुकाम, प्रदेश र राजधानीको सडक सञ्जालमा जोड्ने

योजना र आधुनिक सुबिधा सम्पन्न अन्तर्राष्ट्रीय सम्मेलन केन्द्र हल निर्माण महत्वपूर्ण योजनामा बजेटले समेटिएको छ,यसर्थ पनि म यो बजेटलाई समर्थन गर्न चाहान्छु। माननीय सभामुख ज्यु, उर्जाको बिकास गर्दै बिजुलीको सेवा नपुगेको क्षेत्र पहिचान गरि बिजुलीबत्ति उपलब्ध गराउँदै उज्यालो प्रदेश निर्माण र सौर्य उर्जाको संभाव्यता अध्ययन गर्ने कुरा बजेटमा आएको छ, ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक प्राकृतिक सम्पदाको संरक्षण, प्रबर्धन र पर्यटनको गुरुयोजना तयार गर्ने, नमुना र पर्यटकीय गाउँको पहिचान गर्ने, पर्यटकीय स्थलमार्ग निर्माण गर्ने कुरा महत्वपूर्ण छ। कृषिक्षेत्रको आधिनिकी आधुनिकिकरण र व्यवसायिकरण, खाद्यान्नमा आत्मनिर्भर हुने लक्ष्य हांसिल गर्न अल्पकालिन, मध्यकालिन र दिर्घकालिन नीति तयार गरि बिशेष कार्यक्रम संचालन गर्ने मुख्यमन्त्री वातावरणमैत्री नमुना गाउँ, नमुना कृषि गाउँ, एक वार्ड एक व्यवसायिक कृषि तथा पशु बिकास कार्यक्रम लगायतका धेरै कार्यक्रमहरुलाई बजेटले समेटेको छ। कृषि बिकासको लक्ष्यमा यो कोषेढुङ्गा साबित हुनेछ, मैले विश्वास लिएको छु। औद्योगिक बिकासका लागि लगानीमैत्री वातावरणको श्रृजना गर्ने, एक स्थानिय तह एक औद्योगिक ग्रामको स्थापना र घरेलु साना लघु-उद्योगको प्रबर्धन कार्यक्रम महत्वपूर्ण छ। सर्वसुलभ,गुणस्तरिय,बैज्ञानिक र ब्यवहारिक शिक्षाको बिशेष व्यबस्था,प्राविधिक महाबिद्यालय,बिद्यालय, प्रदेशस्तरिय विश्वबिद्यालय स्थापनाका लागि बजेटले संबोधन गरेको छ, यो अति महत्वपूर्ण छ। आधारभुत स्वास्थ्य सेवामा नागरिकहरुको पहुँच अभिवृद्धि गर्ने,स्वास्थ्य विमा कार्यक्रम संचालन गर्ने, वालस्वास्थ्य र गर्भवति महिलाहरुको स्वास्थ्य उपचार गर्न विशेष कार्यक्रम, क्यान्सर, मुटु र मृगौला रोगको उपचारका लागि अत्याधिक सुबिधासम्पन्न अस्पताल निर्माण गर्न, बिशिष्टकृत प्रसुति बाल अस्पताल निर्माण गर्ने लगायतका महत्वपूर्ण कार्यक्रमहरु बजेटले समेटेको छ।

**(माननीय सदस्य समय सकियो)**

यसर्थ ब्यक्ति यसर्थ महिला, बालबालिका, अपांग भएका व्यक्ति र किशोर किशोरीको सशक्तिकरणको कुरा पनि समेटिएको छ। यथार्थ धरातलमा टेकेर बजेट आएको छ। बजेटले संबोधन गरेका कार्यक्रम संचालन हुँदा बजेट सहि ढंगले समयमा नै खर्च

गर्न सक्दा आर्थिक वृद्धिदर बढनेछ, रोजगारी सृजना हुनेछ, सम्बृद्धि प्रदेशको खाका तयार हुनेछ, मैले

**(माननीय सदस्य समय सकियो)**

विश्वास लिएको छु। धन्यवाद ! नमस्कार !

## माननीय सभामुख

माननीय श्री विन्दु कुमार थापा लाई छलफलमा भाग लिन समय दिन्छु।समय- ५ मिनेट।

सभामुख महोदय,आज हामी प्रदेशको २०७५/०७६ को बजेट उपर यस सम्मानित सभामा छलफल गर्दैछौं। बजेट धेरै मेहनत, परिश्रम र सुझबुझका साथ हाम्रा माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्युले ल्याउनु भएको छ। हालां कि कार्यान्वयनको चुनौति र समयमा बिकास बजेट खर्च हुन नसकि बजारमा पुँजिको अभाव हुने र बैंकको चर्को ब्याजदर हाम्रा नियति बनेका छन। यद्यपि प्रदेशलाई सातवटै प्रदेश मध्य अब्बल तथा उत्कृष्ट बनाउने हिसाबले प्रदेशका पाँचवटै सम्बृद्धिका आधारहरुको ठोस रुपमा उल्लेख गरि बजेट बिनियोजन गरिएको छ,यस्तै शिक्षा,स्वास्थ्य, खेलकुदको हबको रुपमा बिकास गर्ने पनि भनिएको छ, म धन्यवाद दिन चाहान्छु। सभामुख महोदय, हुन त संघले हामीलाई जनसंख्या, क्षेत्रफल, मानव बिकास सुचाङ्क, पुर्वाधार एवं खर्चको आवश्यकताको हवाला दिंदै सबै प्रदेश भन्दा कम बित्तिय हस्तान्तरण गरेको छ, सोहि अनुरुप ७ वटै प्रदेशमा हाम्रो यो बजेट सबैभन्दा कम २४ अरब २ करोड ३३ लाखको आएको छ।बजेट नै कम प्रक्षेपण भएपछि बिकासको दायरा पनि हाम्रो खुम्चिने, सांघुरो हुने हो कि भन्ने आशंका पनि नजन्मेको होइन, तथापि बजेटको सफल कार्यान्वयन अर्थात पुर्ण अंश समयमै पारदर्शि हिसाबले खर्च गर्ने मेकानिजमको बिकास गर्न सकेमा र क्वालिटीमा कम्प्रोमाइज नगरिकन हामीले लान सक्नुपर्छ र करप्सनलाई निरुत्साहित पार्न सक्नुपर्छ। सभामुख

महोदय, बजेटको ९१ नम्बर बुँदामा भु-उपयोग नीति तर्जुमा गरि कृषियोग्य भुमि बांझो राख्ने अवस्था निरुत्शाहित गर्न, व्यवसायिक कृषि खेतीको बिकास गर्ने भनिएको छ, यो राम्रो पक्ष हो यसलाई सफल बनाउन हामीले "जसको जोत, उसको पोत" भन्ने नाराका साथ आएको मोहियानि हकको व्यवस्था आएको कारणले गर्दा जग्गा बाँझो राख्ने तर खेती गर्न अरुलाई नदिने प्रवृत्तिको बिकास भएको छ। अतः यसलाई संबोधन गर्ने गरि जग्गा भाडामा लिनेदिने पोलिसिको बिकास गर्न जरुरी छ र व्यवसायिक कृषि प्रणालिको लागि कृषिमा यान्त्रिकिकरण तथा आधुनिकिकरणको लागि छुट्टै हदबन्दिको नीतिगत व्यवस्था गर्नुपर्ने जरुरी छ।साथै जग्गाको चक्लाबन्दी र सामुहिक खेती बिकासको आजको आवश्यकता हो। त्यस्तै गरेर सभामुख महोदय, यो पोखराको जुन एउटा सभागृह छ, त्यो सारै लथालिङ्ग अबस्थामा छ, जिर्ण अबस्थामा रहेको छ, यल्ले पोखराको एउटा सभ्यताको खिल्ली उडाई राखेको अबस्था छ, यल्लाई यो महानगरसँग समन्वय गरेर यो पोखराको सभागृहलाई छिटो भन्दा छिटो त्यल्लाई पुनःनिर्माण गर्नको लागि पनि म अनुरोध गर्न चाहान्छु र यो बजेटको ९८ नम्बर बुँदामा परम्परागत ज्ञान, सीप र कच्चा पदार्थमा आधारित हस्तकला, घरेलु तथा साना सिपमुलक कार्यक्रम सञ्चालन गर्ने,त्यस्तै ८९ नम्बरमा लघुउद्यम बिकासका कुराहरु ल्याएर रोजगारीको अबसरहरुको बृद्धिका कुराहरु आएको छ ति स्वागतयोग्य छन, अब यस कार्यक्रम बाट उत्पादित वस्तुहरुको प्रदर्शन तथा बिक्रिकक्षको निर्माणका कुरा मैले यो बजेट पुस्तकमा देखिन।अतः पर्यटकको पनि एउटा आकर्षण बनाउन सकिने कोशेली घर निर्माण गर्न आवश्यक छ।यो कोशेलीघर प्रयोगमा ल्याएवापत उद्यमीहरुले त्यो स्टलको भाडा पनि तिर्ने हुन्छ, त्यसकारण यसलाई प्राथमिकताका साथ  कोशेलीघर निर्माणको लागि यो बजेटको ब्यवस्था गरि दिनुहुनका लागि पनि हार्दिक अनुरोध गर्दै म बिदा हुन चाहान्छु। धन्यवाद ! जयनेपाल !

## माननीय सभामुख

माननीय श्री जनक लाल श्रेष्ठ लाई छलफलमा भाग लिन समय दिन्छु।समय- ५ मिनेट।

माननीय सभामुख ज्यु, म सर्वप्रथम माननीय सभामुख नेत्रनाथ अधिकारी र माननीय सदस्य टेक बहादुर घर्तीको सुस्वास्थ्यको कामना गर्दछु। संघिय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएपछि आर्थिक बर्ष २०७५/०७६ को बजेट पेश गर्नुहुने माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ्ग ज्युलाई मिति ०७५ असार १ गते प्रदेश नम्बर ४ को आर्थिक सम्बृद्धिको जगमा समाजवाद उन्मुख अर्थतन्त्रको आधारमा बजेट तर्जुमा गर्नुहुँदा समावेशी आर्थिक बृद्धि गरि योजना पेश गर्नुभएको छ, त्यसमा म सर्वप्रथम माननीय मन्त्रीज्यु, प्रदेश सरकारलाई धन्यवाद दिन चाहान्छु।आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि २४ अरब २ करोड ३३ लाख बिनियोजन गर्नुभएको छ, यसमा छलफलको रुपमा यो भाग लिंदैछु। माननीय सभामुख ज्यु, यो बजेटले"सम्बृद्ध नेपालःसुखी नेपाली"को राष्ट्रीय अभियानलाई अंगिकार गरि सकारात्मक प्रयोजनको रुपमा लिएको मैले महशुस गरेको छु किनकि! बुँदा नम्बर १ देखि २०२ सम्मको ब्यवस्थाले यथार्थ झल्काएको छ। मुख्यरुपमा बुँदा नम्बर २१ ले ०७५/०७६ को बजेटमा उद्देश्यहरु निक्यौंल गरिएको छ,जसले चार वटा बुँदाले त्यसमा ब्याख्या गरिएको छ।त्यस्तै गरि बुँदा नम्बर २२ ले सम्बृद्ध प्रदेश निर्माणका आधारमा आर्थिक बर्ष २०७५/०७६ को बजेटमा निम्न अनुसार यस क्षेत्रमा लगानीको लागि उच्च प्राथमिकता मिलाएको छः- नम्बर १- भौतिक पुर्वाधार,नम्बर २-कृषि क्षेत्रको आधुनिकिकरण, व्यवसायिकरण र यान्त्रीकरण, ३- मा शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई जस्ता सामाजिक क्षेत्रमा लगानी, ४- मा पर्यटन पुर्वाधारका बिकासमा प्रबर्धन, ५- मा उर्जाको बिकास र बिस्तार तथा विद्युतिकरण, ६- मा औद्योगिक क्षेत्रको बिवरण बिकास र ७- मा जलश्रोतको बिकास, सिंचाई र नदी नियन्त्रण ८-मा खेलकुद पुर्वाधारको बिकासको निमित्त यसले व्याख्या गरेको छ।बित्तीय संघियताको बुँदा नम्बर २३ देखि २६ सम्मको संघिय सरकार बाट प्राप्त अनुदान, आन्तरिक राजश्व समेत स्थानिय तह सँगको रकम बाँडफाँड गरिएको छ। माननीय सभामुख ज्यु,सडक पुर्वाधारको बुँदा नम्बर ३४ ले एक निर्वाचन क्षेत्र एक स्तरीय सडक कार्यक्रम अन्तर्गत प्रदेश सम्मको ३६ निर्वाचन क्षेत्रलाइ समान रुपमा ७५ करोड ६० लाख रकम बिनियोजन गरिएको छ यसले पनि के देखाएको छ भने पुर्वाधार बिकासलाई

सबै क्षेत्रमा समावेशी रुपमा रकम बिनियोजन गरि प्राथमिकताको आधारमा यो काम गरेको देखिएको छ।यसले गर्दा अब आउने कामहरु पनि सबैले समानरुपमा अगाडि बढाउनेछ भन्ने मलाई पुर्ण विश्वास छ।त्यसले गरेर प्रत्येक क्षेत्रको राजश्वको व्ययको वार्षिक बिवरण अनुसूचीको अनुसूची १ मा प्रष्ट पारिएको छ। अनुसूची २ मा राजश्वले अनुदान वापतको लागि अनुमानित आर्थिक व्यबस्था २०७५/०७६ लाई प्रष्ट्याएको छ, त्यसैगरि अनुसूची ३ देखि ६ सम्मले पनि प्रष्ट निर्णय निश्कर्ष गरेको छ।माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्युले भन्नुभएको छ बजेट हामी सबैको साझा बजेट हो। प्रदेश नम्बर ४ लाई सम्बृद्ध नेपालः सुखि नेपालीको राष्ट्रीय अभियानमा को बजेट हो भनेर भन्नु भएको छ तसर्थ वहाँको भनाई साकार पार्दै यो ४ नम्बर प्रदेशलाई हामी सबैले यस बजेट बाट नयाँ कार्यक्षेत्र अगाडि बढाउन सबैले सहयोग गरौं भन्दै यस बजेटको पुर्ण समर्थन गर्दै म बिदा हुन्छु। धन्यवाद !

## माननीय सभामुख

माननीय श्री भागवत प्रकाश मल्ल लाई छलफलमा भाग लिन समय दिन्छु।समय- ५ मिनेट।

माननीय सभामुख महोदय,प्रदेश सभाले पहिलो पटक बजेट प्रस्तुत गर्दा संघिय लोकतान्त्रिक नेपालको लागि खुसिको बिषय हो। निर्वाचनको बेला जनता समक्ष गएको वाचाहरु पुरा गर्दै सम्बृद्ध प्रदेशका लागि प्रस्तुत बजेट कति व्यबहारिक छ वा छैन भन्ने कुरा ज्यादा महत्वपूर्ण राख्दछ। संघीय सरकारको संघीयताको मर्म विपरित प्रदेश र स्थानीय तहलाई न्युन बजेट विनियोजित गरेको कुराले संघीय सरकारले नियोजित सरकारको नियत प्रष्ट भएको देखिन्छ। माननीय अर्थमन्त्रीज्युले संसदमा प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रम बजेटसंग कति मेल खान्छ वा खांदैन, बहस गर्न जरुरी देखिन्छ। तसर्थ सभामुख महोदय, बजेटका सम्बन्धमा म सभामुख महोदय मार्फत सरकारलाई निम्न बिषयमा ध्यानाकर्षण गराउन चाहान्छुः-

बजेट जनआकांक्षा र भाबना अनुरुप छैन, बजेट खर्च गर्ने प्रयाप्त आधारहरु छैनन, राजश्वको लक्ष्य महत्वाकांक्षी छ, आँधिखोला उच्च बाँधको एन.इ.ए.ले डिटेल सर्भे भैसक्यो, फेरि प्रदेशले विना बजेट अध्ययन, अनुगमन भनेर भनेको छ। यो जनता झुक्क्याउने चाल बाहेक अरु केहि छैन।प्रदेशको गौरवको आयोजनामा शालिग्राम सांस्कृतिक करिडोर, देवघाट- पुटटार चापाकोट -राम्दी भनिएको छ,यसमा यो राम्दी र गल्याङ खण्ड यो सच्याउनु जरुरी छ र त्यस्तै एक निर्वाचन क्षेत्र स्तरिय कार्यक्रम अन्तर्गत ३६ वटा सडकहरु यहाँ समावेश भएका छन, यो ५९ जना माननीय सदस्यज्यु हरुलाई समेटने गरि कार्यक्रम ल्याउन बिनम्र अनुरोध गर्दछु। फेवाताल संरक्षण तथा बिकास सम्बन्धमा धेरै कुरा उठेको छ, यसमा सरकारले अतिक्रमण हटाउन हैन, संरक्षण गर्न खोजिरहेको छ भन्ने गुनासो पाईएको छ। तुरुन्त कार्यान्वयन गरेर यसको व्यबहारमा ल्याउन बिनम्र म अनुरोध गर्दछु र विगतको नेपाल सरकारले डि.पि.आर. गरेको सडकहरु र मोटरेवल पुलहरुका लागि बजेट ब्यवस्था भएको छैन,यसमा आपत्ति प्रकट गर्न चाहान्छु र त्यस्तै मलाई संका छ,प्रदेश सरकारसंग डि.पि.आर. भएको रिपोर्ट नै छैन, यो भन्दा लज्जास्पद कुरा के हुनसक्छ? र खेलकुद, पर्यटन, कृषि, सिंचाइको क्षेत्रमा बिगतमा नेपाल सरकारले सुरु गरेका कैयौं योजनाहरु अलपत्र, अधुरा छन। तिनिहरुका बिषयमा प्रदेश सरकार किन मौन छ? यस बिषयमा जनताहरुले यसको उत्तर खोजि राखेको छन।बेरोजगार युवा पुस्ताहरुलाई यो बजेटले खासै छोएन, तरुण युवाहरु निरास छन। त्यस्तै सभामुख महोदय, डोजर चलाएर मात्र बिकास हुंदैन,सडक सुख दुःखले बनाउँला तर जनतासँग गाडी चढ्ने क्षमता भएन भने बिद्रोह हुन सक्छ। त्यस्तै लोकतन्त्रमा पिछडिएको क्षेत्र, वर्गलाई प्राथमिकता दिनु बजेट सत्तापक्षमा केन्द्रीत छ,सुशासन र भ्रष्टाचार पारदर्शितागत क्षेत्रमा बजेट किन बोल्दैन? यो थप चासोको बिषय बनेको छ। अन्तमा, धेरै प्रदेशमा बामसरकार वामहरुको सरकार छन यो कतै सांसदलाई कतै पैसै पैसा र यो प्रदेशमा हामीलाई यो शुन्य छ, यो पार्टीकै निर्देशन त होईन सभामुख ज्यु? धन्यवाद ! जयनेपाल !

**माननीय सभामुख**

माननीय श्री लक्ष्मी सुनार लाई छलफलमा भाग लिन समय दिन्छु।समय- ५ मिनेट।

माननीय सभामुख महोदय ज्यु, आर्थिक मामिला तथा योजनामन्त्री ज्युले आर्थिक बर्ष २०७५/०७६ को सम्बृद्ध नेपालः सुखि नेपालीको सन्दर्भमा असार १ गते यो बजेट घोषणा गर्नुभएको छ। यसको लागि प्रदेश सरकार र आर्थिक मामिला तथा योजना मन्त्रीज्युलाई धन्यवाद टक्र्याउन चाहान्छु।राज्यको निर्देशक सिद्धान्त, संघीय आर्थिक नीति र दिगो बिकासका लक्ष्य प्राप्ती एवं प्रदेश सरकारको नीति र कार्यालयलाई कार्यान्वयन गर्ने गरि यो बजेट तर्जुमा भएको छ।संघियता कार्यान्वयनमा प्रदेश प्रदेशका बिचमा सुशासन , बिकास र सम्वृद्धि हांसिल गर्न तिब्र प्रतिष्पर्धा हुने हुँदा सार्वजनिक, निजी र सहकारी क्षेत्रको पुँजिलाई प्रदेशमा लगानी गर्ने वातावरण, प्रदेशको आर्थिक सम्वृद्धिको ईन्जिनको रुपमा रहेको पर्यटन, उर्जा, कृषि, उद्योग, भौतिक पुर्वाधार बिकास र सामाजिक बिकासमा लगानी केन्द्रित गरि साथै निजी र सहकारी क्षेत्रलाई समेत यस क्षेत्रमा लगानीको लागि सेवा प्रवाह र प्रदेशको नीतिमा नीतिका माध्यमबाट सहजिकरण भएको छ।ग्रामिण पर्यटन प्रवर्धन प्रवर्धन गर्नका लागि ३०० गाउँलाई नमुना पर्यटकिय गाउँका रुपमा बिकास गर्न होमस्टे, पर्यटन पुर्वाधार बिकास कार्यक्रम आइराखेको छ।हाम्रो देश नेपाल कृषि प्रधान देश भएको हुँदा बढि मात्रामा कृषि पट्टी जोड दिन आवश्यक छ।कृषि क्षेत्रमा हेर्दा उन्नत जातका बिउ, बिजन, पशुपालन र कुन ठाउँमा के को खेति हुन्छ? सिंचाई नभएको ठाउँमा सिंचाईको व्यवस्था गर्ने हो भने कुनै ठाउँमा पनि जग्गा बांझो रहने छैन र प्रसस्त मात्रामा अन्न भण्डार हुनेछ।हाम्रो देशमा गरिबी न्युनिकरण बल्ल त्यसो गर्‍यो भने हाम्रो देशमा गरिबी न्युनिकरण हुन्छ। माननीय सभामुख महोदय ज्यु, भौतिक पुर्वाधार बिकासका लागि बाटो, घाटो ,पुल, ताल,तलैया, मठ,मन्दीर,खानेपानी सबै ठाउँमा ठाउँ अनुसारको आवश्यकता पुरा गर्नसक्ने हो भने देशको सम्वृद्धि बिकास हुन्छ।युवा स्वरोजगार कार्यक्रम, महिलाको लागि सिपमुलक कार्यक्रम,महिला सिप अभिवृद्धि(न्युनीकरण ?) कार्यक्रम, पिछडा परेको दलित,अपांग, अल्पसंख्यक, गरिबिको रेखामुनि रहेको अति विपन्न, सिमान्तकृत, भुमिहिन र सुकुम्बासी आदिका बुँदागत हिसाबमा त यहाँ आएको छ तर पनि मलाई त

कताकता तरकारीमा नुन नभएको जस्तो महशुस भएको छ। यो सबैको स्पष्ट रुपमा भएको भए सुनमा सुगन्ध हुन्थ्यो र अब आउने रातो किताबमा सबै आउँछ, स्पष्टिकरण आउँछ होला भन्ने आशामा छु। शिक्षाका शिक्षालाई सर्वसुलभ र गुणस्तरीय शिक्षाको व्यवस्था गर्न शिक्षालाई बैज्ञानिक र व्यवसायिक बनाउन सामुदायिक विद्यालय र वालबिकास केन्द्रमा शौचालय, शुद्ध खानेपानी तथा अन्य भौतिक सुधार र शैक्षिक सामाग्रीको व्यवस्था, दक्ष प्राबिधिक , व्यवसायिक उद्यमशिल जनशक्ति, विज्ञान प्रयोगशाला र पुस्तकालय हुन आवश्यक छ। जहाँ शिक्षाको अभाव हुन्छ, त्यहाँ अशिक्षित हुन्छ। जहाँ खान लाउन अभाव छ, त्यहाँ गरिबि न्युनिकरण हुँदैन र देशको बिकास हुन सक्दैन। मातृशिशु स्याहारमा स्वास्थ्यमा सुधार ल्याउन र बालमृत्यु दर घटाउन प्रदेशभित्र विशिष्टिकृत प्रसुति तथा वाल अस्पतालको आवश्यकता रहेको छ। महिलाहरुको लागि स्वास्थ्य कार्यक्रम जस्तैः- स्वास्थ्य शिविर, पाठेघर खस्ने समस्या, शल्यक्रिया उपचार साथै महिला तथा वालवालिकाको लागि खोप, भिटामिन र पोषण जस्ता कार्यक्रमलाइ निरन्तर दिँदै पुर्णखोपयुक्त प्रदेश बनाउँन प्रदेश खोपको व्यबस्था गरिएको छ।

**(माननीय सदस्य समय सकियो)**

अन्तमा, सहरमा सहरि बिकास र दुर्गम ठाउँमा  आवश्यक अनुसार बिकास गर्न सकियो भने पक्कै पनि यो ४ नम्बर प्रदेश बिकासको रुपमा एक नम्बर प्रदेशमा आउँनेछ होला भन्दै मेरो सानो भनाई यहिँ अन्त्य गर्दछु। हस त धन्यवाद !

## माननीय सभामुख

माननीय श्री कोपिला बोहोरालाई छलफलमा भाग लिन समय दिन्छु। समय- ५ मिनेट।

माननीय सभामुख ज्यु, माननीय सभामुख ज्यु र टेक बहादुर घर्ती ज्युको सुस्वास्थ्यको लागि कामना गर्न चाहान्छु। किनकि आज हामी २०७५/०७६ को बजेट छलफलमा छौं हामी र यो बजेटमा सम्पुर्ण महिला दिदी बहिनी अलि जोडिएको जस्तो लागेको छैन। जोडिएको मात्रै छ, भोली रातो किताबमा कस्तो आउँछ? सम्पुर्ण आधि धर्ती ढाकेका आमा हौं हामी, तर महिला, दलित, गरिब सम्पुर्ण रेखामुनि बस्नुभएका,टाढाटाढा गाउँगाउँमा

हुनुभएका रेखामुनि बसेको सम्पुर्ण बालबालिकालाई सम्पुर्ण हेर्नको लागि म अनुरोध गर्दछु र आज हामी यो छलफलमा उभिइ रहँदा कताकता महिलाको भावना नि नबुझेको जस्तो लागेको छ।त्यहाँ जोड्न त जोड्नुभको छ त्यसलाई कार्यान्वयन कत्तिको हुन्छ, रातो किताबमा हेर्न बाँकि छ र आज जुन लेखानी, कार्देश, नरेठाँटि, गलकोट, हटियामा जुन पानीले सबै ठाउँमा बगाएको अबस्था छ, धेरै दुखि पनि छु म, त्यस मध्येमा हाम्रा बालबालीका विद्यालय जान बिहिन भएका छन र त्यो पुल छिटोमा छिटो बनाउन सरकारलाई म अनुरोध गर्न चाहान्छु। किनकि हामीले जुन मैले पटक पटक राखिसकें, जुन अबिबाहित दिदी बहिनी हुनुहुन्छ, बिबाह नगरि बसेको, वहाँलाई कुन उमेरमा दिन पर्ने हो? वहाँलाई सिपमुलक कसरि हेर्न पर्ने हो? वहाँहरुलाई बिहिन भएर बसेको अबस्था पनि छ र मैले पटक पटक उठाएको पनि छु र यसमा यो निलो कपिमा उल्लेख नभएको देखेकी छु, जुन वृद्ध, वृद्धा हाम्रा आमा र हाम्रो उज्यालो भविष्य बनाउने आमा हुनुहुन्छ, बाबा हुनुहुन्छ, वहाँलाई आश्रम कहिले हुने हो? कहिले गर्ने हो त्यो पनि थाहा छैन। तर अहिले वहाँहरु खुसिमा हुनुहुन्थ्यो र अहिले रोई राखेको अबस्था पनि देखि राखेको छु। मैले जुन चाहिने ढोरपाटन, कालिका मन्दिर जुन छुनुभएको छ, त्यसलाई म धेरै धेरै धन्यवाद पनि दिन चाहान्छु।किनकि हामीले जुन अहिले दलित,महिला, गरिब जुन बिभिन्न बर्गमा गास बास कपास वहाँहरुलाई हामी ठाउँमा छौं। ठाउँमा भएको मान्छेलाई मात्रै नहेरिकन जुन ठाउँठाउँमा हाम्रो अपेक्षा गरेर हामी प्रत्यक्ष नभए पनि समानुपातिक भए पनि हामीले जुन बोलेर वहाँलाई जनाउ दिएका थियौं, हाम्रो वचन दिएका थियौं, त्यल्लाई हामी समानुपातिक लाई नहेरेको अबस्था पनि मैले बुझेको छु। यसलाई बुझ्नपर्ने र भोलि रातो किताबमा थोरै उल्लेख गर्न पर्ने पनि मैले भन्नगइ राखेको छु, अनुरोध गर्छु, किनकि हामीले जुन महिलाहरुको बारेमा, जुन दलितको बारेमा, जुन गैह्रदलित पनि उ हुनुहुन्छ, गरिब हुनुहुन्छ, दलित मात्रै होईन, जनजन, अल्पसंख्यक सम्पुर्णलाई सम्पुर्णलाई उल्लेख गरेर छुन त सबै ठाउँमा छोई राख्नुभएको छ यो निलो कपिमा ! तर भोलि कार्यक्रम हाम्रो आँखा ता दुईटा हुन तर हामीले भन्ने गर्छौं चारवटा आँखा छन। हामी व्यापारिका चार वटा आँखा हुन्छन र हामी

**(माननीय सदस्य समय सकियो)**

सरकारका पनि चार वटा आँखा छन र तर दुईटा आँखाले मात्रै हेर्नुहुन्छ कि चार वटा आँखाले हेर्नुहुन्छ, सरकारले हाम्रा मन्त्रीज्युले त्यो ४ नम्बर प्रदेशले, त्यतिबेला रातो कपिमा कस्तो आऊँछ, त्यसको जवाफ भोली दिँदै गरौंला। हस् त धन्यवाद! जयनेपाल !

## माननीय सभामुख

माननीय श्री मिन प्रसाद गुरुङ्गलाई छलफलमा भाग लिन समय दिन्छु। समय- ५ मिनेट।

सभामुख महोदय,हामी यो प्रदेश सभाको आर्थिक बर्ष २०७५/०७६ को बजेटको सामान्य छलफलमा उपस्थित भैरहेका छौं। आर्थिक श्रोतको निर्धारण गर्ने विधि र प्रकृयालाई अबलम्वन गर्दै सरकारको नीति तथा कार्यक्रमलाई समन्वयात्मक किसिम बाट कार्यान्वयन गर्ने उद्देश्यका साथ बजेट प्रस्तुत भाको छ। यस प्रति मन्त्रिपरिषद लगायत अर्थमन्त्रीज्युलाई हार्दीक आभार व्यक्त गर्न चाहान्छु। यो बजेट हामी एउटा ऐतिहासिक कालखण्डमा ऐतिहाँसिक रुपले प्रक्षेपण भएको मेरो बुझाई छ। यस मानेमा कि यो हामी संबिधानले तिनवटा सरकारको परिकल्पना गरे अनुसार र सरकार निर्माण भैसकेपछि आज हामीहरु प्रथम चोटि पूर्ण बजेटका साथ हामी आज यहाँ उपस्थित भएका छौं र अर्को मानेमा पनि यो बजेट एउटा ऐतिहासिक बजेटको रुपमा मैले हेरिरहेको छु। किनभन्दा खेरि यसले संविधानले निर्दिष्ट गरेको समन्वय, सहकारिता र सहअस्तित्वलाई संबोधन गर्ने किसिमबाट जुनखालले बजेटले स्थानीय निकायहरुलाई समान्निकरण अनुदान जुन चाहिने बजेटको ५% हुन आउँछ,त्यसलाई तलब बिन्यास गर्ने किसिम बाट जुन एउटा अभिभावकत्व ग्रहण गर्ने र संघीय शासन ब्यबस्थालाई संस्थागत गर्ने एउटा जमर्को गरेको छ, त्यो मानेमा पनि यो एउटा ऐतिहासिक बजेट हो भन्ने मैले महशुस गरेको छु। त्यति मात्र हैन सभामुख महोदय,यसले यो बजेट अहिले हामीहरुले बिगतमा हामी केन्द्रीय बजेटहरु हेरिरह्यौं र जहिले पनि चालु बजेटको चाहिने त्यो मात्रा ठुलो हुन्थ्यो र अहिले प्रदेश सरकारले बजेट प्रक्षेपण गरिरहँदा खेरि चालु बजेट भन्दा पुँजिगत बजेटलाई लगभग हामीहरु यो मानेमा

पनि गर्व गर्न लायक भएका छौं ४ नम्बर प्रदेश, कर्णाली प्रदेश भन्दा बाहेक अरु ६ वटा प्रदेशले जुन खालले पुँजिगत बजेटलाई बिन्यास गरेको छ, चालु बजेट भन्दा पुँजिगत बजेट लगभग दुई तिहाईको हाराहारिमा यो प्रदेशले प्रक्षेपण गरेको माने यस मानेमा पनि म अर्थमन्त्री लगायत सरकारलाई धन्यवाद दिन चाहान्छु। सभामुख महोदय,त्यसो त बजेट हामीहरुले यहाँहरुले पुर्वमाननीयहरुले भन्नु भए जस्तै थुप्रै खालका कुराहरु संबोधन गरिरहेको छ।यसले बजेटको चाहिने सिद्दान्त, प्राथमिकता र नीति र कार्यक्रमलाई संबोधन र त्यसलाई यथार्थरुपले अगाडि बढाउनको लागि, कार्यान्वयन गर्नका लागि थुप्रै खालका कुराहरु संबोधन गर्ने क्रमहरुमा साँच्चै नै कतिपय यो बढि महत्वकांक्षी भयो कि!या चाहिने यो एउटा खालको यो एउटा कल्पित या चाहिने यो एउटा होलिस्टिक एप्रोच बाट मात्रै आएको हो कि भन्ने किसिमका कुराहरु पनि उठनु स्वभाबिक हो तर मलाई लाग्छ यो रियालिष्टिक एप्रोचमा आएको छ, यसका थुप्रै उदाहरणहरु माननीय सांसदहरुले अगाडि नै व्यक्त गरिसक्नुभकोछ।माननीय सभामुख ज्यु, यस अर्थमा म बजेटको चाहिने अलिकिति, यसले यो शैद्धान्तिक कुराहरु उल्लेख गर्न चाहान्छु, त्यसो त यसलाई हामीले यो बजेट चाहिने प्रस्तुत गरिरहँदा खेरि यसको ठुलो अंश हामीतिर संघतिर आश्रित आशातित भएर आएको देखिन्छ।यो स्वभाबिक पनि हो पहिलो बजेट भएको हुनाले लगभग बिस अरब बाउन्न करोड अड्तिस लाख रुपैयाँ संघीय सरकारबाट हामी चाहिने त्यसमा आश्रित छौं,त्यसो गर्दा खेरि संघीयमुखी भयो कि भन्ने पनि होला तर यसले १ अरब ५९ करोड ६५ लाख आन्तरिक राजश्व उठाउने कुरा गर्‍याछ, जो चाहिने स्थानीय सरकारको सहभागितामा साझेदारिमा उठाउने भएको हुनाले यो अन्यथा होइन र यसको न्युन हुन आउने बजेट १ करोड जुन चाहिने ४० लाख छ,त्यस मध्येमा ६० करोड जुन हाम्रो चाहिने अ.ल्या. बजेट आ.ब. अघिल्लो बर्षको बाट परिपुर्ति गर्ने र ८० करोड मात्रै चाहिने के त भन्दा यसले चाहिने यो हामी आन्तरिक चाहिने ऋण लिने या चाहिने हामी त्यस बाट ऊठाउने गर्ने कुरा जुन खालले चाहिने घोषणा गर्‍याछ, यो चाहिने एक खालले कम्फोर्टेवल जोनमा चाहिने रहेको मलाई लाग्छ।हुन त सभामुख महोदय,यहाँ थुप्रै कुराहरु

उठेका छन, यसको कार्यान्वयन देखुन लिएर यसको चाहिने अरु कुराहरु पनि यो राजनीतिक चाहिने बेईमानीका कुराहरु देखुन लिएर थुप्रै कुराहरु

**(माननीय सदस्य समय सकियो)**

उठेका छन, भोली चाहिने यो कुराहरु उठ्ला तर अन्तमा म एउटा कुरा भन्न चाहान्छु, स्वभाबिक रुपले म चाहिने हाम्रो सामाजिक बिकास मन्त्रीलाई हार्दीक धन्यवाद दिन चाहान्छु,आँखा शिविर गरेर यो चश्मा लाउन दिनुभाथ्यो तर यो चश्माको बिडम्बना के रछ भन्दाखेरि बाहिर चाहिने के त भन्दा यो नजिकलाई टाढा देखिने रहेछ अनि तर भित्र आएपछि यो खालि कालो र एकपक्षले

**(माननीय सदस्य समय सकियो)**

खालि सेतो मात्रै देख्ने रहेछ, मलाई लाग्छ यो वाईफोकल चाहिने यो चश्मा हो तर यो आउने चाहिने के त भन्दा रातो किताबमा यो सबैले चाहिने केत भन्दा ब्ल्याक एण्ड ह्वाइट चाहिने यो आइडिजिज चाहिने एक खालको चाहिने जुन छ

**(माननीय सदस्य समय सकियो)**

बाईफोकल त्यल्लाई चाहिने पुर्ति गर्ने गरेर यो बजेट आओस्। धन्यवाद !

## माननीय सभामुख

माननीय श्री चिन्त बहादुर घले लाई छलफलमा भाग लिन समय दिन्छु।समय- ५ मिनेट।

माननीय सभामुख महोदय, २०७५ असार १ गते आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङ्गले ०७५/०७६ को बजेट वक्तव्य गर्नुभयो, आज यो सम्मानननीय सभामा २,३ बुँदामा बोल्दैछु। रातो किताब निस्केको छैन तर मागेको योजना पक्कै पर्छ होला भन्ने आसामा छु। माननीय सभामुख महोदय, पर्यटन सम्बन्धि र होमस्टे, नयाँ बैकल्पिक रोड,शिक्षा,स्वास्थ्य,जडिबुटीलाई धेरै समेटेको छ र त्यहिँ माथि पनि मनाङ र मुस्ताङ्ग, गोर्खा लाई पर्यटनको लागि धेरै समेटेको छ र त्यो कार्यान्वयन। माननीय सभामुख महोदय, मनाङ हिमाल पारि जिल्ला हो र चुनमुँग्री, ढोरपाटन र नवलपुर बिशेष क्षेत्रमा

पऱ्यो, मनाङ्ग र मुस्ताङ्ग परेन। अस्ति मैले एउटा न्युजमा देखें, मनाङ्ग र मुस्ताङ्ग आयश्रोत बढेर नपरेको भन्ने न्युज पढ्यो। मुस्ताङ्ग कोरोला नाका खोलेर बढेको हो कि के हो? मुस्ताङ्गको माननीयज्युहरु नै थाहा होला। त्यसो मनाङ कहिँ नाका खोलेको छैन। मन्त्रीज्युहरु मनाङ्ग जानुभएकै छ। नार फु एकदम रिमोट एरिया हो, त्यसले मनाङ्ग बिशेष क्षेत्रमा समाबेश गरिदिनुभए राम्रो हुन्थ्यो। सभामुख महोदय, क्षेत्रीय प्रशासन कार्यालयले दिएको प्रदेश नम्बर ४ को प्रस्तुत बजेट तथा आर्थिक बिबरणमा मनाङमा धेरै हिमाल र ताल छुटेको छ।यहाँ कुन मन्त्रालयमा सम्पर्क राख्नुपऱ्यो? सभामुख महोदय, थोँचे,लार्के,तिब्बतको सिमाना जोड्ने रोडमा रातो किताबमा निस्केको छैन तर सम्बन्धित मन्त्रीज्युले ३६ निर्वाचन क्षेत्रको बराबर दुई दस राखेको छ भन्ने मौखिक जानकारी भयो,त्यो प्रदेश संसद क्षेत्रमा बराबर राख्दा दिएको राम्रो भएन, सभामुख मार्फत प्रदेश सरकारलाई अनुरोध गर्न चाहान्छु र जम्मा थोंचे बाट तिब्बत सिमाना सम्म ६५ किलोमिटर र डुम्रे देखि जम्मा सम्म १५१ कोलोमिटर मात्र छ, त्यसलाई अरु बढि बजेट राखिदिनु भए छिटो प्रदेशमा खोल्ने थियो र केरे नाका खोलेर हाम्रो प्रदेशले सुख र सम्बृद्धि हुनेछ भन्दै बिदा लिन्छु । धन्यवाद ! जयनेपाल !

## माननीय सभामुख

माननीय श्री मोहन प्रसाद रेग्मी लाई छलफलमा भाग लिन समय दिन्छु।समय- ५ मिनेट।

माननीय सभामुख ज्यु, आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङ्ग द्वारा आषाढ १ गते प्रस्तुत भएको बजेट माथि हामी छलफल गरिरहेका छौं र बिगत ज्येष्ठ २५ गते प्रस्तुत नीति तथा कार्यक्रमको आधारमा त्यसले निर्दिष्ट गरेको लक्ष्य, उद्देश्य र योजनामा यो बजेट प्रस्तुत भएको छ, बिशेष गरेर प्रादेशिक एवं संरचना निर्माण गर्ने सन्दर्भ र यसले लगानी मैत्री वातावरण श्रृजना गर्ने, सन्तुलित बिकास गर्ने गरि बजेटलाई बिनियोजित गरेको छ।उत्पादन र उत्पादकत्व वृद्धि गरि रोजगारका अवसरहरु सृजना गरि व्यवसायिक एवं आत्मनिर्भर हुने गरि यो प्रदेशका जनतालाई प्रत्याभूति दिन सक्ने गरि बजेट बिनियोजित

भएको छ। राष्ट्रीय गौरबका योजनाहरुका साथै स्थानीय तहको आवश्यकता, आधारभूत तहका जनताको आवश्यकतालाई संबोधन गर्ने गरि बजेट प्रस्तुत भएको छ। यसले आन्तरिक श्रोतको ब्यवस्थापनलाई पनि मुखरित गरेको छ र गुरुयोजना निर्माण गरेर क्रमागत योजनाका साथ अगाडि बढने यो प्रदेशको सम्बृद्धिको बाटोलाई संकेत गरेको छ र स्थानिय तहसँग समन्वयात्मक भुमिका निर्वाह गर्दै संघ र स्थानिय तहसँग सहकार्य गरेर अगाडि बढने, सार्बजनिक, सामुदायिक र साझेदारीको आधारमा बजेट बिनियोजित गरेर सबैको अपनत्व हुने गरि अगाडि बढने योजना बनाएको छ यसैले यो बजेट जनमुखी छ र जनताको चाहना अनुसार यो प्रदेशको सम्बृद्धिको बाटोमा अगाडि बढन सक्ने गरि आएको छ भन्ने मैले महशुस गरेको छु। विशेष गरेर पर्यटनको क्षेत्रमा ३०० नमुना पर्यटकीय गाऊँ निर्माण गर्ने, साहसिक खेलको माध्यम बाट पर्यटनको प्रबर्धन गर्ने, उर्जालाई संघ, निजी क्षेत्र र क्षेत्रको लगानीमा एउटा जलविद्युतलाई ब्यवस्थित गर्ने, कृषिमा मुख्यमन्त्रीमैत्री वातावरण श्रृजना गर्दै यसका आधारभुत तहमा बिशेष गरेर स्थानिय तहमा जुन खालका नीतिहरु अगाडि सारेको छ यसले कृषकहरुको भविष्य सुनिश्चित गर्ने र आत्मनिर्भर हुने कुरालाई उठाएको छ। औद्योगिक क्षेत्रमा हरेक पालिकामा उद्योगग्राम स्थापना गर्ने कुरा जुन उठाएको छ, यसले उत्पादन, आयआर्जन र रोजगारलाई प्रबर्धन गर्न सक्ने गरि अगाडि आएको छ र सडकका पुर्वाधार निर्माण गर्ने क्रममा क्षेत्रीय र स्थानिय तहका सडक सञ्जाललाई जोडने कोशिस गरेको छ र यसमा बजेट विनियोजित गरेको छ यो प्रशंसनिय छ। सहरी बिकासका सन्दर्भमा सेटलाईट सिटि र स्मार्ट सिटिको अबधारणालाई केन्द्र र स्थानिय तहसँग सहकार्य गर्दै अगाडि बढने नीति र त्यसको बजेट विनियोजित गर्ने गरि आएको छ र युवा तथा खेलकूदको सन्दर्भमा खेलकूद एकेडेमीको अबधारणा अगाडि सारेको छ। यसलाई अझै ब्यवस्थित गर्न स्थानिय तहमा खेल क्षेत्रमा लाग्नेहरुको खेलमा प्रोत्साहित गर्ने खेलकूद क्षेत्रको बिकास र सम्बृद्धिमा रातोकिताबमा उल्लेख भएर आउँछ भन्ने मैले महशुस गरेको छु र एक स्थानिय तह एक खेलमैदानले यसलाई एउटा संकेत गरेको छ, भौतिक पुर्वाधार तयार गरिसकेपछि खेल गतिविधि हरुलाई संचालन गर्दै रोजगारका अवसरहरु सृजना गर्ने सन्दर्भमा पनि यो क्षेत्र महत्पुर्ण बन्नेछ र सामाजिक सुरक्षाको क्षेत्रमा

जनता आवास कार्यक्रम लगायत थुप्रै कार्यक्रमहरुले संबोधन गरेको छ र भाषा, संस्कृति र पुरातात्विक सन्दर्भमा ऐतिहाँसिक महत्व राख्ने बहुसांस्कृतिकग्रामदेखि लिएर थुप्रै योजनाहरु अगाडि सारेको छ र यसरी शिक्षा क्षेत्रमा हेर्दा प्रदेश विश्व विद्यालय र प्राबिधिक महाविद्यालयको जुन अबधारणा अगाडि सारेको छ, यसले अझै शिक्षा क्षेत्रमा लगानी गर्नेमा ब्यवस्थित गर्न जाने देखेको छु र अन्तमा स्वास्थ्य क्षेत्रमा विशेष गरेर यहाँ धेरै कुरा उठेन,यो आयुर्वेदिक औषधालय उत्पादन र यसको व्यबस्थापन गर्ने जुन खालको कुरा उठिरहेकोछ।२५ शैया र ५० शैयाको हस्पिटलको कुरा ऊठिरहेको छ, यसमा बजेट विनियोजित गर्दा मलाई लाग्छ यो प्रदेश सबै क्षेत्रमा सम्बृद्धि बनेर अगाडि जानेछ र यो बजेट अहिले समय, सन्दर्भ र हाम्रो भबिष्य

**(माननीय सदस्य समय सकियो)**

सुनिश्चित गर्न अगाडि आएको छ। यहि भनाई राखेर बिदा हुन्छु। धन्यवाद! अभिवादन !

## माननीय सभामुख

माननीय श्री मन बहादुर गुरुङ्ग लाई छलफलमा भाग लिन समय दिन्छु।समय- ५ मिनेट।

सभामुख महोदय,आ.व. ०७५/०७६ को प्रस्तुत बजेट यो बजेट प्रस्तुत भैसकेको छ, हामी सामान्य छलफलमा छौं। यो बजेट अत्यन्तै मेहनतका साथ ल्याएको छ र यो प्रदेशलाई स्थापित गर्न खोजिएको छ। स्थानयीलाई बलियो बनाउन खोजिएको छ,त्यसकारण सरकार प्रति धन्यवाद दिन चाहान्छु। साँच्चिकै रुपमा आर्थिक मामिला मन्त्रीज्युले आफ्नो मन्तव्य राख्ने क्रममा भनिसकेको छ कि बजेटमा कमि कमजोरी भयो भने साँच्चिकै रुपमा छलफलमा सुझावहरु पक्कै पाउनेछ भनेर वहाँले भनि सक्नुभएको छ। त्यसकारण साँच्चिकै कमि कमजोरी होला तर समग्रमा हेर्दा खेरि यो बजेट अत्यन्तै राम्रो छ। समय अनुकुल छ, यसका धेरै सबल पक्षहरु छ। यसले ईतिहासलाई सम्मान गरेको छ। डि.पि.आर.गर्ने देखि दिगो विकासको लक्ष्य लिएको छ। सम्बृद्धिको जगमा समाजवाद उन्मुख बजेट ल्याउन खोजिएको छ। समन्वय र रणनीतिक साझेदारि अबलम्बन गर्न खोजिएको छ। भ्रष्टाचारलाई

निरुत्साहित गर्दै सुशासन कायम गर्न खोजिएको छ,यसको सबल पक्ष सभामुख महोदय। भुकम्पबाट क्षतिग्रस्त संरचनाहरुलाई २ बर्षमा सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गरिसकेको छ। गरिबी र भोकमरिको न्युनिकरण गर्न खोजिएको छ,उत्पादन र उत्पादकत्वमा बृद्धि गरि रोजगारी श्रृजना गर्न खोजिएको छ। लगानीमैत्री वातावरण श्रृजना गरि रोजगारी श्रृजना गर्न खोजिएको छ। प्रदेशका गौरब योजना प्राथमिकताको आधारमा तयार गरिसकेको छ। दुर्घटना बाट घाइते हुनेहरु तत्काल उपचारको लागि हवाई मोबाईल हस्पिटलहरु तत्काल अस्पतालहरु बनाउन खोजिएको छ। सहरहरु बालमैत्री, अपांगमैत्री बनाउन खोजिएको छ। हाईअल्टिच्युड ट्रेनिङ्ग सेण्टर, क्रिकेट, गल्फ रंगशाला निर्माण गर्न खोजिएको छ। युवा लक्षित कार्यक्रमहरु ल्याउन खोजिएको छ सभामुख महोदय।त्यति मात्र होईन, भाषा, संस्कृति, पुरातात्विक संरचनाको संरक्षण गर्दै सांस्कृतिक ग्रामहरुको व्यवस्था गर्न खोजिएको छ।संग्रहालय र पार्कहरु निर्माण गर्न खोजिएको छ। बैंकिङ्ग प्रणाली वा विद्यूतिय सुशासनको ब्यवस्था गर्न खोजिएको छ, जनतालाई सेवा सर्वसूलभ बनाउनको लागि उपभोक्ता अदालत गठन गर्न खोजिएको छ। फोहोरलाई ब्यवस्थापन गरि जलवायु अनुकुलन र पर्यावरण संरक्षण गर्दै गर्ने कार्यक्रमहरुमा जोड दिएको छ। खानी तथा खनिज पदार्थको अन्वेषण, उत्खनन र त्यल्लाई संभाव्यता अध्ययनको लागि गर्न खोजिएको छ।वन, वन्यजन्तु तथा जैविक बिबिधताको दिगो व्यबस्थापन गरि रोजगारी श्रृजना गर्न खोजिएको छ। पर्यटन, भौतिक पुर्वाधार, स्वास्थ्य, शिक्षा र आधुनिक कृषी र उर्जाको बिकास सरकारको इन्जिनको रुपमा लिएको छ, सभामुख महोदय। त्यसकारण यो देश हाम्रो

**(माननीय सदस्य समय सकियो)**

हो, यो प्रदेश हाम्रो हो, यो बजेट हाम्रो हो। यसमा पक्ष, बिपक्ष नभनौं, यसलाई हामीले सबै मिलेर कार्यान्वयन गरौं। यदि कार्यान्वयन पक्ष हामीले बलियो बनाउन सक्दैन भने कागजमा जति मिठो लिएर आए पनि यसलाई हामीले अलकति भन्नाले हामीले कार्यान्वयन गर्न सक्दैनौं।हामीले सोचेको हुन सक्दैन, त्यसकारण मुख्यमन्त्री ज्युको निर्देशनमा आर्थिक मामिला मन्त्रिले

**(माननीय सदस्य समय सकियो)**

तीनटा "अ" अवलम्बन गरेको छ। अनुगमन, अडिट, अख्तियारीलाई तपाईको अबलम्बन गर्दै यो बजेट अझै तपाईको चाहिँ अलिकति निर्वाहमुखी भयो कि भन्ने लाग्दछ।यो महत्कांक्षी हुनुपर्थ्यो, त्यो सभामुख महोदय। धन्यवाद !

**माननीय सभामुख**

माननीय श्री कृष्ण बहादुर थापा लाई छलफलमा भाग लिन समय दिन्छु।समय- ५ मिनेट।

माननीय सभामुख महोदय,आज हाम्रो यस सम्मानित सभामा हाम्रो यो संसदकै सबैभन्दा महत्वपूर्ण बिषय आर्थिक बर्ष ०७५/०७६ को बजेटको हामी छलफलमा छौं।प्रदेश सभाका प्रमुखको सामिपमा हाम्रो अर्थमन्त्रीज्युको एकदम ठुलो मेहनतमा र प्रदेश सरकारको सम्पुर्ण डिजाइनमा आएको सातवटै प्रदेशमा सबैभन्दा उत्कृष्ट बजेट सबै हाम्रो माननीय सभासदज्यु हरुले हिजोदेखि आजसम्म छलफलमा भएको क्रममा जति यहाँ विचार व्यक्त गर्नुभयो त्यो विचारले त्यहि नै भनिरहेको भान हुन्छ। सभामुख महोदय, तसर्थ सर्वप्रथम म यो बजेटलाई आफ्नो व्यक्तिगत तर्फ बाट पुर्ण समर्थन गर्न चाहान्छु र त्यसको साथसाथै म संलग्न मेरो पार्टीकोतर्फबाट पनि यो बजेटको पुर्ण समर्थन गर्दछु। सभामुख महोदय, अब यो आनी छोइङ्गको एउटा गित छ नि! "फूलको आँखामा फूलै संसार, काँढाको आँखामा काँढै संसार"।अब काँढाको आँखाले हाम्रो यो बजेटलाई हेऱ्यौं भने यो बाहिर निलो भित्र कालो अक्षर लेखिएको सेतो पन्नामा लेखिएका कालो अक्षर मात्रै पनि हुनसक्छ तर हामी जब फुलको आँखाले यो बजेटलाई हेर्नेछौं अब यो असार महिना मात्रै सकियोस् साउन लागेपछि करोडका करोड गाउँ गाउँमा बजेट पुग्नेछ, बिकासको ओईरो लाग्नेछ र बिकासबाट लालायित भएका जनताहरु अहिलेसम्म बिकास नपाईरहेका जनताहरुले जब बिकास पाउँनेछन र मलाई विश्वास छ, यो बजेटलाई जतातत‍ै फुलैफुलको आँखाले हेर्ने त्यो दिन आउन त्यति टाढा छैन, नजिकै त्यो दिन आउँदैछ भन्ने मलाई लाग्छ, तसर्थ हामी सबैले फुलको आँखाले यो बजेटलाई हेर्नुपर्छ भन्ने मलाइ लाग्छ। सभामुख महोदय, यो बजेटका धेरै, धैरै, धेरै विशेषता छन, धेरै विशेषता छन,त्यसमध्ये महत्वपूर्ण ६ वटा

बिशेषतालाई हामी यो सम्मानित सभामा उपस्थित सबै सभासदहरुले भुल्नु हुँदैन भन्ने मलाई लाग्छ। पहिलो छ, स्थानीय तह जिल्ला सदरमुकाम र प्रदेशसम्म किनभने बाटो नभै केहि पनि हुँदैन, तसर्थ बाटोको सञ्जाललाई जोडने यल्ले ठुलो पैसा छुट्ट्याएको छ, दुई अरब र दोश्रो विशेषता प्रत्येक प्रत्येक निर्वाचन क्षेत्रको लागि अब सुदामाको कनिका भए पनि दुई करोड दस लाख रुपैयाँ यो बजेटले ब्यवस्था गरेको छ। अब संभवतः यसपटक नै सकभर नभए अर्को पटक २ को १० पनि हुन सक्छ। हामी त आशा र बिश्वास गरौं, यो बजेटको विशेषता हो र तेश्रो विशेषता सडक नपुगेका ठाऊँहरुमा सडक, मोटर बाटो, पुल सबै बनाउँनको लागि यसले बजेटको ब्यवस्था गरेको छ, जहाँ ५१ करोड ८५ लाख रुपैयाँ र चौथो विशेषता छ सबै ठाउँहरुमा जनताको आधारभुत आवश्यकता खानेपानीको पहुँचलाई यसले पुऱ्याउने काम गरेको छ र पाँचौं विशेषतामा युवा, पशुपंक्षी र मत्स्यमा आकर्षित गर्ने युवाहरुलाई त्यस्तोमा चाहिँ आकर्षित गर्ने हिसाबले पनि ठुलै रकम ५० करोड बजेटमा ४० करोड बजेटमा ब्यवस्था गरिएको छ र त्यसमा असाध्यै महत्वपूर्ण बिशेषता हाम्रो प्रदेश यो पर्यटनको राजधानी भएको हुनाले ३०० वटा नमुना होमस्टे गाउँहरु बनाउने जसमा ३० करोड

**(माननीय सदस्य समय सकियो)**

बजेटको ब्यवस्था गरिएको छ। यसरि ६ वटा महत्वपूर्ण बिषयहरु छन भन्ने मलाई लाग्छ। सभामुख महोदय, तसर्थ यो बजेटको पुर्ण समर्थन गर्दै यहाँ बाट बिदा हुन चाहान्छु। धन्यवाद !

## माननीय सभामुख

माननीय श्री प्रभा कोईराला लाई छलफलमा भाग लिन समय दिन्छु। समय- ५ मिनेट।

सभामुख महोदय, संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएपछि संबिधान र बित्तीय संघियताको कार्यान्वयन गर्ने गरि २०७५/०७६ को बजेट माथि सैद्धान्तिक छलफलमा भाग लिने मौका दिनुभएकोमा प्रदेश सरकार प्रति, अर्थमन्त्रीप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु। राष्ट्रिय स्वाधिनता, अर्थतन्त्र, लोकतन्त्र तथा सामाजिक न्याय र परिवर्तनका

लागि वलिदान गर्ने अमर शहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु।परिवर्तनका संवाहक अग्रज हरु प्रति सम्मान व्यक्त गर्दछु। घाइते र वेपत्ता परिवार र पिडित प्रति सम्मान व्यक्त गर्दछु। परिवर्तनका खांतिर लामो समयसम्म बिभिन्न रुपका आन्दोलन गऱ्यौं,अब हामी यस्तो मोडमा छौं, प्रदेशको आर्थिक सम्वृद्धि गर्नुपर्ने, समाजवाद उन्मुख अर्थतन्त्रको आधार स्थानियतहबाट निर्माण गर्दै प्रदेशभित्र भएका सबै प्रकारका विभेद, बहिष्करण, उत्पिडन र असमानताको अन्त्य गर्दै समन्यायिक बितरण र पुननिर्माणमा मार्फत अगाडि बढ्दै आर्थिक, सामाजिक रुपान्तरणका योजना सहितको यो बजेट आफैंमा आकारको भएको आफैंमा पुर्ण आकारको भएको पुष्टि भएको छ। सभामुख महोदय,यो बजेट बिकास र सम्वृद्धिका प्रमुख लक्ष्यहरु हासिल गर्न उत्पादन वृद्धि,गरिबी न्युनिकरण,रोजगारी तथा स्वरोजगारका अवसरहरुलाई जनमुखी बनाउन सरकारी, निजी र सहकारी क्षेत्रको लगानीका माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गरि स्वरोजगार श्रृजना, आर्थिक र भौतिक सामाजिक,सांस्कृतिक पुर्वाधार निर्माण गर्दै लगानीमैत्री वातावरण, लगानी सम्मेलन, लगानीयोग्य पुंजी र परियोजनाको खोजी गर्दै प्रदेश सम्बृद्धि र उज्यालो प्रदेश बनाउने योजनामा योजनासहितको यो बजेट आफैंमा महत्वपूर्ण छ।सभामुख महोदय, गौरबका योजना, राजधानी जोडने योजना, एक निर्वाचन एक स्तरिय सडक, ३०० गाउँमा ३०० वटा होमस्टे स्थापना गरे होमस्टे मार्फत स्थानिय उत्पादनलाई महत्व, स्मारक बनाउने,लोकसेवा आयोग जस्ता योजना महत्वाकांक्षी त छन तर हरेक योजना महत्कांक्षी भएनन् भने कार्यान्वयनको पक्ष पनि फितलो हुन्छ।त्यसैले महत्वाकांक्षी योजना आंफैमा सुन्दर छन भन्ने मलाई लाग्छ।बजेटले उद्देश्य पहिचान गर्दै क्षेत्र समेत निर्धारण गरि लगानीमैत्री वातावरण बनाउने योजनालाई उच्च योजनालाई उच्च सम्मान गर्न चाहान्छु। बिभिन्न शिर्षक बनाई सडक पुर्वाधार, सहरि बिकास, उर्जा बिकास, नदी नियन्त्रण, पर्यटन क्षेत्र बिकास, औद्योगिक क्षेत्र, बन तथा वातावरण, शिक्षा,स्वास्थ्य तथा सरसफाई, युवा तथा खेलकुद, भाषा र संस्कृतिलाई समेत र पुरातत्व, सुशासन जस्ता जिवन र जनउपयोगी शिर्षक अन्तर्गत प्रतिवद्ध भयौं भन्ने भयौं भने यि सबै योजनाहरु पुरा गर्न सकिन्छ। सभामुख महोदय, महिलामुखी बजेट छ, बालबालिका, असहायमुखी छ, बृद्धहरुलाई सम्मान

गर्ने र बृद्धहरुका मनोभावनाहरु बुझेर अगाडी बढाउन खोजिएको यो बजेट आफैंमा गौरबको बजेट बनेको छ। कृषि पर्यटन, ग्रामिण पर्यटन,फिसिङ्ग स्पोर्टस् समेत समेटन सकेको भए सुन माथि अझै सुगन्ध थपिने थियो कि भन्ने मलाई लागेको छ। सभामुख महोदय, प्रदेशको राजश्व बिषयमा क्षेत्र पहिचान गरि संस्थागत र संरचनागत आधार तयार गरि सबै ब्यवसायी हरुलाई उत्साहित हुने गरि करका दायरामा ल्याउने योजनाले पनि प्रदेश सरकारको सबै प्रदेश भन्दा उत्तम प्रदेश बनाउने सपना साकार बनाउन सकिन्छ। कसरि सकिन्छ भने हामी सबै माननीयज्युहरु प्रतिवद्ध हुन सक्यौं भने यो प्रदेशलाई कुनै प्रदेश भन्दा कमजोर प्रदेशको रुपमा देख्न पर्दैन। यो प्रदेशलाई एउटा उचाईमा लान सकिने र जनउपयोगी, जनताहरुलाई नै एकदमै सम्मान गरेर ल्याईएको यो बजेट जनउपयोगी बजेट छ भन्ने बिषय राख्न चाहान्छु र यो बिषयलाई म आफ्नो तर्फबाट र मेरो पार्टीको तर्फ बाट पनि प्रतिवद्धता कायम गर्न चाहान्छु। धन्यवाद !

## माननीय सभामुख

माननीय श्री मित्र कुमारि गुरुङ्ग सुबेदीलाई छलफलमा भाग लिन समय दिन्छु।समय- ५ मिनेट।

माननीय सभामुख ज्यु, माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ्गज्यु बाट ०७५/०७६ को बजेट असार १ गते प्रस्तुत गर्नुभएको थियो। असार १ गते प्रस्तुत गर्नुभएको आर्थिक बजेट माथि हिजोदेखि हामी छलफल गर्दैछौं। माननीय माननीयज्युहरुबाट सल्लाह, सुझाव आईरहेको छ र सम्बृद्धि नेपाल र सुखी नेपाल बनाउनको निम्ति हाम्रो देश संघियतामा प्रवेश गरेको छ। यो संघियता ल्याउनको निम्ति कहाँ को के भएनन के कहाँ के भयो भन्ने बिषयमा मैले भन्नपर्दैन। ती शहीदका परिवार र ती घाइते, अपांग, ती निमुखा जनताको भोट लिएर हामी यहाँ उपस्थित भका छौं, यो कुरा हामी सबैलाई थाहा छ तर आज हामी ती कुरालाई बिर्सेर दोहोरी खेलिराखेका छौं। सभामुख महोदय,सभामुखज्यु म आर्थिक बजेटले यो प्रदेश नम्बर ४ लाई अवश्य पनि योजनाहरु, आवश्यक पर्ने योजनाहरु सबै समेटिएको छ, यो मैले यो यो भनेर उल्था गर्न

पर्दैन किनकि हामी सबै माननीयज्यु हरुको हातहातमा यो बजेटको यो बजेटको पुस्तिका छ र हामी यहाँ यो के म यहाँ यो के नगरिकन यो र हामी यहाँ यो केहि नगरिकन हामी यहाँ एउटा योग्य नागरिकताको रुपमा यहाँ उपस्थित भका छौं। आर्थिक बजेटलाई सकारात्मक सोच बाट हेरौं यो हेरौं आर्थिक बजेटलाई सकारात्मक सोच बाट माननीय ज्युहरुले हेरिराख्यौं भने यो प्रदेशको सवाल र यो प्रदेशको बिकासको निम्ति यो बजेट फलदायी रहेको छ। सभामुख महोदय, मैले सुनिराखेको छु, यो बजेट सत्तापक्षको मात्रै हो कि ! भन्ने आयो तर सत्तापक्ष र प्रतिपक्ष के फरक फरक जिल्ला बाट आका हुन कि क्या हो,मैले कुरा बुझिन तर मलाई लाग्छ हामी यसरी आएका होइनौं। बिकासको काममा हामी एक भएरै जान्छौं,यो कुरालाई कसैले नभुलौं। सभामुख महोदय, अब हामीले यो अब हामीले यो योजनाहरुलाई आ-आफ्नो क्षेत्रमा लागु गर्ने गर्ने गर्ने र ति निमुखा जनताको बिकासको लागि सबै एक भएर लाग्नु नै राम्रो हुने थियो। यो बजेट जनताको मनमनमा बसिसकेको छ, जनताले उत्साह, जनता उत्साह भैसकेको छ र यो बजेट माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ्गज्युले अति सुझाव, सुझ र बुझका साथ ल्याउनु भको छ, त्यसैले यो बजेट यो प्रदेशको निम्ति अति राम्रो र पुरा, पुरा यसको समर्थन गर्न चाहान्छु र मन्त्रीज्युलाई लगायत सम्पुर्ण टिमलाई म धन्यवाद दिन चाहान्छु र यो बजेटको म पुन केरे कार्यान्वयनको लागि म विश्वास गर्न चाहान्छु। धन्यवाद ! नमस्कार !

## माननीय सभामुख

माननीय श्री राम बहादुर गुरुङ्ग लाई छलफलमा भाग लिन समय दिन्छु।समय- ५ मिनेट।

माननीय सभामुख ज्यु, आज हामी २०७५ साल असारको १ गते हाम्रो प्रदेशको निमित्त आर्थिक तथा मामिला मन्त्री किरण गुरुङ्गज्युले प्रस्तुत गरेको बजेट माथि हामी आज छलफलमा जुटिरहेका छौं। यो भन्दा अगाडि छलफलमा जुटनु भएका साथिहरुले महत्वपूर्ण कुराहरु राखिसकेको छ र मलाई लाग्छ सबै साथिहरुले एक एक नम्बर

बुँदादेखि एक सय दुई बुँदा सम्म सरसर्ति हेरिसकेकै होला र मैले पनि २ पटक सरसर्ती हेर्दा असाध्यै महत्वपूर्ण कुराहरु त्यहाँ समावेश भएको छ। यस हरेक बिषयलाई लिएर हरेक क्षेत्रलाई समेटेर यो बजेट आएको छ। त्यसकारणले यो बजेट सह्रानीय छ, राम्रो छ, महत्वपूर्ण छ। त्यसकारणले म त्यस बजेटको १०२/२०२ बुँदामाथि केहि कुराहरु थपौं कि जस्तो मलाई लागेकोथ्यो तर मैले थप्नै सकिन।किनभने, असाध्यै राम्रो बजेट भएको कारणले यसमा थप गर्नुपर्ने मैले दैखेको छैन र मित्रहरुले धान कुट्दा बियाँ रहन्छ भने जस्तै केहि कुरा त राख्नै पर्छ भने जसरी साथिहरुले राख्नुभको छ, र तर धान कुट्दा बियाँ त रहन्छ, नभए पनि छ भन्ने कुरा जस्तो देखियो, त्यसकारणले त्यो चाहिने हामी सबै त्यो आपतकालिन त हैन तर त्यो राख्ने अधिकार हो राख्नुभछ, धेरै धन्यवाद दिन चाहान्छु र कहिलेकाहिँ निदाएको मान्छेलाई झक्झकाए पनि अलि ब्युँझिन्छ भने जस्तै अझै पनि यो बजेट राम्रो होस भनेर वहाँहरुले झकझक गराएको जस्तो मलाई लागेको छ।त्यसकारणले अब सबभन्दा महत्वपूर्ण पाटो के हो भने यहाँहरु सबैले बुझेको छ, यो कार्यान्वयन पक्ष महत्वपूर्ण रहन्छ। अब १ बर्षको बजेटमा हामीले गाउँगाउँमा र हाम्रो सम्बन्धित निर्वाचन क्षेत्रमा गएर यो बजेटलाई कार्यान्वयन गर्न सकेन भने हामी फेल हुन्छौं।सरकार फेल हुनु भनेको हामी सभासद हामी प्रतिनिधि नै फेल हुन्छौं। त्यसकारणले तपाई हामी सबै एकजुट भएर यो निर्वाचन क्षेत्रमा गएर यसलाई कार्यान्वयनको हिसाबमा यो १ बर्ष मात्र होइन नवै महिना यो टाइम भित्र यो बजेट सम्पन्न गराउनलाई सबै आदरणिय माननिय ज्युहरुलाई म बिनम्र अनुरोध गर्न चाहान्छु र अब यो बजेटले साथिहरुले सबैले भन्छन मन्त्रि भएको,मन्त्रि भएको जिल्ला,मन्त्रि भएको क्षेत्रमा बजेट चाहिने बढि पर्छ कि ! हामी त एकदम नाङ्गै हुन्छ कि भनेर जुन सोचिराथ्यो तर बजेट भाषण आएपछि छर्लङ्ग पारेको छ,यि सबैलाई बराबर गरेर यो बजेट आएको छ।तपाईहरुले प्रतिपक्षले सोच्ने थियो कि! हामी सत्तापक्षले हामीलाई केरे पाखा लाउँछ कि भन्दाखेरि तपाईहरुलाई दह्रो उदाहरण के देखाछ भने ३६ वटा निर्वाचन क्षेत्रमा महत्वपूर्ण बाटोको चाहिने सबैलाई ईक्वाएल किसिमले दिएको छ, यसले पुष्टि गरेको छ यो सत्तापक्ष र प्रतिपक्ष भनेर यसले छुट्टयाएको छैन, त्यसकारणले सत्तापक्ष र प्रतिपक्ष भन्दा पनि हामी

बिकासमा एकजुट भएर यसपटकको बजेटलाई कार्यान्वयन गर्नमा हामीले दक्ष र हाईटेक्नोलोजी प्रयोग गरेर अब हामी योजना परेम हाम्रो पुर्वसाथी कृष्ण बहादुर थापाज्युले भने अब करोडौं करोडौं बजेट गाउँमा पुग्छ तर के हो भने करोडौंको बजेटमा तपाई ३० पर्सेन्ट मात्रै लगानी हुने अरु जम्मै चाहिने अनियमितता भयो भने त्यो जति दुर्भाग्य केहि पनि हुन सक्दैन। त्यसकारणले हाम्रो काँधमा यो जिम्मेवारी आएको छ। यो जिम्मेवारी पुरा गर्नलाइ हामी सबै जनप्रतिनिधिहरु र गाउँगाउँमा र आफ्नो नगरपालिका, गाउँपालिकामा गएर र अनियमिततालाई रोक्ने हाम्रो जनप्रतिनिधिहरुको जिम्मेवारी छ। यो जिम्मेवारी पुरा गर्नलाई म सबै आदरणिय जनप्रतिनिधिलाई अनुरोध गर्दै र यो बजेटको म पुर्ण समर्थन गर्न चाहान्छु र आउने वर्षमा पनि यो भन्दा राम्रो वजेट आउनेछ। म तपाईहरुलाई यो भन्नचाहान्छु कि ! यो वजेट पहिलो बजेट हो,पुर्ण बजेट हो,यो प्रदेशको पहिलो बजेट हो,त्यसकारणले हामीले राम्रो गर्न सकेन भने ईतिहासले हामीलाई सराप्छ। त्यसकारणले सबै माननिय ज्युहरुले यो बजेट प्रति एकदम ध्यान आकर्षित गरेर एकदम राम्रोसँग लागेर विबाद नगरिकन

**(माननीय सदस्य समय सकियो)**

अगाडि बढ्न म सबैलाई अनुरोध गर्दै अन्तिममा मेरो छोटो मन्तव्य यहिँ अन्त्य गर्न चाहान्छु,सबैलाई धन्यवाद ! जयनेपाल ! लालसलाम !

(हलमा हाँसो सुनिएको)

## माननीय सभामुख

**माननीय सदस्यहरु, अलि सभालाई मर्यादितसँगले लानको निम्ति अलि शान्त होईदिनुहोला भन्ने पनि मैले भन्न चाहें।**

माननीय श्री धनञ्जय दवाडी लाई छलफलमा भाग लिन समय दिन्छु। समय- ५ मिनेट। सभामुख महोदय,यस प्रदेशको पुरक (सरि) यस प्रदेशको पुर्ण बजेटको छलफलका क्रममा हामी छौं। म भन्दा अगाडि सबै माननीय ज्युहरुले आफ्ना तर्क राख्नुभकोछ। सबैको

तर्कहरुमा आफ्नो सहमति जनाउन चाहान्छु। मैले सहमति यस अर्थमा भनें कि! यो हाउस सबै समाजवादिहरुको उपस्थिति छ।नेपाली कंग्रेशले त आँफुलाई २०10 सालमा होला समाजवादी भनेको थियो, हामी कम्युनिष्टहरु सबै समाजवादी थियौं, हौं, समाजवादी ध्येय प्रति समर्पित छौं,यस अर्थमा यो बजेटले समाजवादको ध्येयलाई प्रतिनिधित्व गरेका कारणले यो समाजवादी ध्येय प्रति समर्पित भएको यो बजेट, समाजवाद निर्माण प्रति उन्मुख भएको यो बजेटका बिचमा यहाँहरुले राख्नुभएका तर्कहरु प्रति मैले आफ्नो समर्थन राखेको हुँ। २०१५ सालको पहिलो संसदमा अर्थमन्त्रीका हिसाबले सुवर्ण संशेरले आफ्नो बजेट भाषण गरिरहँदा एउटा चिज भन्नुभकोछ, बिर्ताउन्मुलन।यो,यो हाउसमा आज हामी बजेट भाषण सुनिरहँदा हामीले के कुरा प्राप्त गरेका छौंभने बाँझो जग्गा राख्न नपाउँने गरि नीतिगत ब्यवस्थाको कुरा गरिरहेका छौं। यी दुई कुराका बिच समाजवाद निर्माणका निमित्त,आर्थिक उपार्जनका निमित्त, रोजगारी श्रृजनाका निमित्त एक आफुमा अत्यन्त नजिकको सम्बन्ध जोडिन्छ भन्ने विश्वास म व्यक्त गर्न चाहान्छु। दोश्रो, नेपालको दोश्रो संसदमा जब हामी आयौं, समुद्रपारका साहुजीहरुलाई खुसी पार्नलाई राष्ट्रिय उद्योगहरुलाई कौडिको मोलमा बेचिसकेपछि हाम्रो समाजमा,हाम्रो मुलुकमा दलाल, नोकरशाही, पुँजिवाद उन्मत्त साँढेका हिसाबले डुबिरहेको छ र यो उन्मत्त साँढेलाई बसाहामा रुपान्तरण गर्नका लागि पौराणिक एउटा कथा छ, जब साँढे धेरै मातिसकेपछि स्वयं शिव आंफै साँढेमाथि चढेर त्यसलाई बसाहामा रुपान्तरण गरेका कारणले आज पशुपतिको अघिल्तिर बसाहाका रुपमा साँढे हामी देख्न सक्छौं।त्यो साँढेलाई बसाहामा रुपान्तरण गर्नाका निमित्त यो बजेटले उन्मत्त भैरहेको दलाल,पुँजिवादलाई बसाउनका निमित्त र उत्पादन बृद्धि गर्ने काममा आफ्नो दृष्टिलाई अगाडि लैजान्छ, त्यो ध्येयतर्फ समर्पित छ भन्ने कुरा म स्मरण गर्न चाहान्छु।यसका निमित्त यो बजेटले चालु खर्चमा जम्मा २९ प्रतिशत र पुँजिगत खर्चमा ६६ प्रतिशत बजेटको ब्यवस्थापन एउटा महत्वपूर्ण उदाहरण हो।यो बाटो बाट हामी अगाडि जान सक्छौं,यो अगाडि बाटो बाट हामी अगाडि बढ्न सक्छौं। भौतिक पुर्वाधार जसले उत्पादनको क्षेत्रलाई केन्द्रित गरेको छ, कृषिमा, त्यो पर्यटनमा अर्थात स्वयं भौतिक निर्माणका सन्दर्भमा यो रोजगारी श्रृजना गर्ने बाटोमा हिंडेका कारणले गर्दा धेरै बेरोजगारका

समस्याहरु र यो कामबाट ठिक ट्र्याकमा ल्याउन सकिनेछ र रोजगारी श्रृजना गर्न सकिन्छ। यो बाट समाजवादउन्मुख लक्ष्य प्राप्त गर्न सकिन्छ। संरचनागत, संस्थागत र व्यबस्थापकिय अबधारणालाई लयका साथ यो बजेटले पक्रेकोछ। यसकारणले हामी समाजवाद तर्फ अग्रसर हुन सक्छौं। अनुत्पादक क्षेत्रको लगानीलाई निरुत्साहित गरेकोछ। कृषिमा, पशुपालनमा,माछामा, उर्जामा, वनमा, जडिबुटीमा, पर्यटनमा हुने खर्चले उत्पादनलाई पहिलो प्राथमिकता दिन्छ। यसरि दिएको उत्पादनमा जुन प्राथमिकता दिएकोछ, यसले रोजगारी र स्वरोजगारीलाई वृद्धि गर्छ, रोजगारी र स्वरोजगारीका हिसाबले हाम्रो मुलुकमा देखा परेको जुन गरिबी छ, त्यसलाई न्युनीकरण गर्न मद्दत गर्छ। यसकारणले उत्तर दक्षिण सडक जोडने भनेर बजेटको ब्यवस्था गरेको छ यसले २ वटा मुलुककालाई जोडन, सम्बन्धहरु जोडदछ र अन्तरप्रदेशिय प्रतिष्पर्धालाइ पनि बढावा दिन्छ। हामीले ३ नम्बर सँग पनि,५ नम्बर सँग पनि,६ नम्बरसँग पनि प्रतिष्पर्धा गर्नुछ र त्यो प्रतिष्पर्धासँग आँफुलाई श्रेष्ठता साबित गर्नुछ। यति भए,यसो गर्न सक्दा मात्र हामीले हाम्रो प्रदेशलाई अर्थतन्त्रका हिसाबले, बिकासका हिसाबले सम्बृद्ध बनाउन सक्छौं र अगाडि जान सक्छौं भन्ने कुरा म एकपटक स्मरण गर्न चाहान्छु, अनुरोध गर्न चाहान्छु। यसकारणले केन्द्रिय अनुदान बाहेक बैकल्पिक बाटो पनि यो बजेटले खोज्याछ। केन्द्रिय अनुदान बाहेक करका दायराहरुलाई राखेकोछ, करका दायराहरुलाई फराकिलो गर्ने प्रयत्न गरेको छ। यो करका दायरा निर्माण गर्न सकिएन भने हाम्रो संघियता माथि प्रश्न उठ्छ। यसकारणले हामीले आफ्नै अर्थतन्त्र निर्माण गर्न जरुरी छ, हाम्रो आफ्नै आम्दानीको श्रोत तय गर्न जरुरी छ र यसका हातमा अगाडि बढनुपर्दछ भनेर बजेटले यो पहिलो बजेट भा भएर त्यो तर्फको बाटोलाई अगाडि बढाउने काम गऱ्याछ। यसकारणले अर्थतन्त्रमा उत्पादन, निर्यात र उपयोगका ३ वटा पाटा हुन्छन, कुन पाटोमा जोड दिने भन्ने चाहिँ सामाजिक आर्थिक अवस्थाले निर्धारण गर्छ। हाम्रो सामाजिक,आर्थिक अबस्थाले चाहिँ सबल अर्थतन्त्रलाई स्थायित्वमा रुपान्तरण गर्ने अवसर श्रृजना गऱ्याछ। स्थायीत्वपूर्ण सरकार,दुई तिहाईको सरकार निर्माण गरिरहेकाले हामी त्यो तर्फ त अगाडि छौं भन्ने अनुरोध गर्न चाहान्छु र बजेट तर्फ आफुलाई ईङ्गित गऱ्याछ। बजेट बचतमुखी,आयातमुखी

अर्थतन्त्रलाई उत्पादनमुखी अर्थतन्त्रमा र न्यायोचित बितरणतर्फ अग्रसर भएका कारणले यो बजेट समाजवादउन्मुख छ।समाजवाद उन्मुख प्रदेश निर्माण गर्ने कुरामा यो बजेट प्रतिबद्ध छ भन्दै यो बजेटमा पूर्ण समर्थन जनाउँदै बिदा हुन्छु। धन्यवाद ! नमस्कार !

## माननीय सभामुख

माननीय सदस्यहरु,यो छलफल आजको लागि यहिँ समाप्त हुन्छ।

माननीय सदस्यहरु,अब यो बैठक २०७५ साल असार ५ गते बिहान ११ बजे सम्मको लागि स्थगित हुन्छ।